तर समय परिवर्तनशील छ र समयले पल्टा खांदै आयो। संसार-का विभिन्न उन्नत राष्ट्रहरूमा भौतिकवाद जतासुकै व्याप्त हुन थाल्यो, सांसारिक भोग-विलासनै मानव-जीवनको लक्ष बन्दै आयो। अनि आध्यात्मिकवादलाई चाहिदो न चाहिदो बुढी-रूढी र मतमतान्तर ले धमिल्याउनु प्रायः स्वाभाविकै भयो। हाम्रो प्राचीन र उपयुक्त ग्रन्थहरूको अध्ययन पश्चिमी विद्वान्हरूले गर्न थाले, सार निकाले, आलोचना गरे र फाइदा पनि उठाए। पश्चिमी शिक्षा र चाल चलनमा विस्तारै रंगिएका हामीहरूले पनि उतैतिर आँखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाउन लाग्यौं । उनीहरूले प्रतिपादन गरेका विषयहरूमा क्षणिक सुखभोगको लालसाले आँखा चिम्लेर बढता आस्था देखाउन लाग्यौं र हाम्रो महत्ता चिनाउने आज उनीहरू भए भन्न कुनै अत्युक्ति हुदैन र यतातिर संस्कृतज्ञहरू सेलाउदं गए । हामी खाली हाम्रो शास्त्रमा यस्तो छ भन्ने कुरामा मात्र गर्व लिन लाग्यौं र व्यावहारिक हुन सकेनौं । रटन्ते विद्यामा मात्र ज्यादा जोड दिन लाग्यौं । समयलाई चिन्ने कोशिस गरेनौं, आवश्यक अनुसन्धानपट्टि दृष्टिनै दिएनौ । यो ज्यादै दुःखको कुरा छ, यस्को फलस्वरूप आज हामीहरूमा क्रमशः आत्महीनता आयो, मानसिक दुर्बलता हुन लाग्यो, अनुशासन, आचरण र सच्चाईबाट हामी पछि पर्न थाल्यौं । यसैले अब हामीले यस्ता कुरामा लाज मान्नु हुंदैन, बरु भएका भूलहरू सुधारेर समय लाई चिन्हर सुहाउँदो ज्ञान र विज्ञानको समन्वयले प्राचीन इतिहास र परम्पराको जग न खलवल्याई, तर आधुनिक व्यावहारिक कर्म र चरित्रमा कसरी आवश्यक सुधार गर्नु पर्दछ, आज म यसै विद्वत् सम्मेलन द्वारा संसारका सम्पूर्ण संस्कृतका अनुयायी, लेखक, कवि, विद्वान्, पण्डित, विशेषज्ञ सबै छेउ हार्दिक अनुरोध गदछु अपील गर्दछु कि अब यस कुरामा ठोस अनुसंधान र व्यावहारिक कार्यान्वयन हुनु नितांन्त आवश्यक भएको छ, हुनु पर्दछ ।

हुन् त यस्ता गहन विषयमा बढता कुरा गर्नु म कुनै विद्वान् होंइन तैपनि यो खुसीको कुरा छ कि आज हाम्रा संस्कृतज्ञहरूको दृष्टिकोणमा पनि परिवर्तन देखिन लागेको छ र त्यसकै फलस्वरूप हामी आज यहाँ जम्मा भएका छौं, उदारता र आत्मगौरवका साथ समय सुहाँउदो गरी हामीले हाम्रा पुस्तकालयहरूमा भएका ग्रन्थहरूको अध्ययन र अनुसन्धान निष्पक्ष ढंगले गर्दै गयौं भने हामीले यो पनि फेरि एक दिन देख्नेछौं कि विज्ञान पश्चिमी सभ्यताको मात्र पेवा होइन । हामी सग पनि एकसे एक वैज्ञानिक ग्रन्थहरू छन । जसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव-शास्त्र, वनस्पति-शास्त्र, आयुर्वेद र रसायनशास्त्रमा ठूलो असर पर्न सक्दछ। विज्ञानज्ञाताहरूलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरूलाई विज्ञानमा अभिरुचि भएन भने अब हामीले यो समस्याहल गर्न सक्दैनौं र यी दुवैको समन्वय हुनु पर्दछ। अनिमात्र शुद्ध अनुसंधानको वातावरण बन्दछ र अनिमात्र संसारमा ज्ञान र विज्ञान द्वारा सुख, सुविधा र शान्ति हुने छ, मानव-समाज फल्नेछ, पुल्नेछ।

अर्कोतिर-दर्शनमा पनि हाम्रो नेपालको एउटा विशेष देन छ। विदेहदर्शन याज्ञवल्क्यस्मृतिका साथसाथै बौद्धदर्शनको पनि यहाँ प्रादुर्भाव भयो, परन्तु यी दुव दर्शनको समुन्नतिबाट नेपालीहरूले समन्वयवाद निकाले, अन्यत्र झैं आपसमा अमेल हुन दिएनन्। धार्मिक तथा व्यावहारिक सहिष्णुतानै हाम्रो दर्शनको आधारस्तम्भ भयो र हो। 'वसुधैव कुटुम्बकम्' को भावनानै यसको स्रोत हो। हामी तर्पण गर्दछौं, जडचेतन सबै प्राणीमात्रको तृप्तिको कामना गर्दछौं, देवता पितृ सबैलाई मान्छौं, कुनै कर्म गर्दा पनि फलको आशा न राखेर कर्तव्य सम्झेर गर्नुनै उत्तम हो भन्ने कुरामा विश्वास राख्दछौं। यी भावनाहरूले नै आजको आधुनिक दार्शनिक सिद्धान्तहरूमा पनि गहिरिएर जरो हाल्न सके विश्वमा भइरहेका विघ्नबाधाहरू पन्छिन्थे र "सर्वभूतहिते रताः" को सच्चा स्वरूप देख्न पाइन्थ्यो भन्न म असमर्थ ठान्दिन तथा यही समन्वयवादमानै हाम्रो निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्था आज निर्विकल्प व्यवस्था हुन आएको छ भन्दछु।

हामी समन्वयवादमा विश्वास राख्दछौं। समन्वयात्मक दर्शन-द्वारा नै विश्वसमस्या हल हुन सक्तछ भन्ने हाम्रो धारणा छ। हाम्रो असंलग्न परराष्ट्रनीति पनि यसैमा आधारित छ। त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यसतर्फ आज हामीले पाइला चाल्नुपरेको छ भन्नु म आफ्नो कर्तव्य ठान्दछु, अध्ययन, अनुसन्धान र अध्यापनको दरकार परेको छ। यी सबै कार्यमा संस्कृतका विद्वान्हरूको ठूलो उत्तरदायित्व थियो, छ र हुन्छ भन्ने कुरामा पनि मलाई शंका छैन।

यो खुशीको कुरा छ-विशेष रूपले परापूर्व कालदेखिनै बखत बखतमा आई परेका अनेक विघ्नबाधालाई पन्छाई काल, परिस्थिति र जन-आकांक्षा अनुरूप नेपालले आफ्नो अस्तित्व र नेपालीले आफनो व्यक्तित्वलाई बचाई आएको छ। यस कार्यमा पनि हाम्रो संस्कृति परंपरा र हाम्रा वीरपुर्वज तथा विद्वान्हरूको ठूलो देन छ। यो पनि संसारका सबै विद्वान्बाट छिपेको कुरा होइन।

आज एकमात्र हिन्दूराष्ट्र नेपालमा संस्कृतविश्वविद्यालयको खाँचोको हामी नेपाली सबै र खास गरी नेपाली विद्वान्हरूबाट महसूस न गरेका होइनौं, तर यो कैले सम्भव हुन सक्छ, कस्तो साँचोमा ढाले देशसुहाउंदो हुन सक्ला, के गरेर आधुनिक ढंगले हाम्रो विद्वत्ताको परंपरा कायम रहन्छ भन्ने कुरामा यहाँ उपस्थित विद्वान्हरूबाट यो छलफल हुन लागेको छ, त्यसको म सहर्ष र सहृदय स्वागत गर्दछु, तथा यो पनि भन्न चाहन्छु कि अब हामी कसैले पनि आँखा चिम्लेर अन्धविश्वासमा विना कारण कुनै कुरामा पछि लाग्नु नेपालीसमाजलाई शोभा दिदैन र जुनसुकै शिक्षालय तथा विश्वविद्यालय सम्मले पनि त्यस्तो कार्यक्रम तैयार पार्नुपर्दछ कि त्यस शिक्षालय वा विश्व-विद्यालय बाट निस्केको कुनै पनि नेपाली विद्यार्थी सर्वप्रथम अनुशासित, चरित्रवान् र आधुनिक नेपाली हुन सकोस बन्न र बनाउन सकोस यसमा अर्को कुनै तर्क हुन सक्तैन, यो पनि म आज यहाँ भन्न चाहन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै सिलसिलामा, यस जिल्लाका जनता छेउ पनि फेरि एक पल्ट आई यसरी भेटघाट गर्न पाएकोमा म ज्यादैं खुसी छु। आज हाम्रो देशको सफलता र समस्या पनि कुनै नेपालीबाट छिप्न गएको छैन र त्यसैले यस विषयमा बढी बोलीरहनु पर्ने दर्कार देख्दिन। मैले पनि मलाई लागेको प्रायः सबै जसो कुराहरू जनसमक्ष पोखी सकेकैले अब प्रत्येक नेपाली छेउ यही मात्र भन्न चाहन्छु कि कुनै पनि नेपालीबाट मैले बखत बखतमा जनसमक्ष राखेका कुराको कुशल कार्यान्वयनमा मात्र ध्यान पुगे म सधैंको झैं सबै संग कृतज्ञ हुनेछु। हामी सम्पूर्ण नेपालीले जसरी गहकिला कुराहरूको सुरुआत गर्दछौं त्यसैगरी त्यसलाई पूरा गर्न पनि सक्नुपरेको छ।

अन्तमा उपस्थित सबै विद्वान्‌वर्गमा माथिका कुराको फेरि एक पल्ट सम्झना दिलाउँदै यस सम्मेलनको सफलताको कामनाका साथै यस समारोहसम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

जय नेपाल।

दाङ्

२०२४ चैत्र १ गते बृहस्पतिवार

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपस्थित सबै अतिथिहरूले नेपालीभाषामा पढिएको यो भाषण नबुझ्ने हुंदा यसको संस्कृत अनुवाद श्री हरिप्रसाद आचार्य त्रि वि. वि. द्वारा सभामा पढेर सुनाइयो।

तदनन्तर ज. म० वि० वि० का सहसचिव श्री जागेश्वर ब्राह्मणले सम्मेलनको समुद्घाटन गरिदिइ बक्सेको उपलक्षमा संस्कृतभाषाबाट श्री ५ महाराजाधिराज सरकारका हजूरमा धन्यवाद र अन्य उपस्थित विद्वद्वर्ग सन्तसमुदाय एवं कार्यकर्ताहरूमा कृतज्ञताज्ञापन गर्नुभयो। (संस्कृतप्रकरणमा हेर्नुहोस)

समय सकिएको हुंदा यस पहिलो सभामा अरु विद्वान्हरूलाई बोल्ने अवसर पुगेन। सभापतिको आसनबाट मा० उपप्रधानमंत्री श्री कीर्तिनिधि विष्टज्यूले सस्कृत विश्वविद्यालयको आवश्यकता माथि जोड दिदैं उपस्थित विद्वन्मण्डलीमा आफ्ना अमूल्य सुझाउहरू दिन अनुरोध गरी सभाको विसर्जन गर्नु भयो।

मञ्चबाट ओर्लेर श्री ५ महाराजाधिराज सरकारको विद्यालय निरीक्षणार्थ सवारी भयो। भवनको बारादलीबाट चारैतिरको प्राकृतिक सौन्दर्यलाई चाख लिएर निहालिबक्सियो। देखापर्ने स्थानहरूको परिचय सरकारमा चढाइयो। विद्यालयबाट सरकारको सवारी त्यो मैदानमा भयो जहाँ अतिथिहरूका लागि आवासकुटीर बनाइएका थिए। त्यो मैदानका बीच उद्यानमा श्री ५ महाराजाधिराज सरकार र अतिथिहरूको संमानमा भक्तिपूर्वक पत्रंपुष्पं फलम् (जलपानको) आयोजना थियो। त्यहाँ राजदूत करपात्रीजी र अरु विद्वद्वर्गसित केही बेर कुराकानी गरिबक्से पछि विद्यालयको जमीन कति छ, त्यसको आम्दानी कति हुन्छ, अरु आम्दानीका स्रोत के के छन् आदि कुराको जानकारी लिइ बक्सी अतिथि कुटीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको निरीक्षण गर्न सवारी भयो। कुटीरहरूको निरीक्षण गरि बक्से पछि प्रसन्न मुद्रामा मैदानबाट मोटरद्वारा रक्षाचौर शिविर मा सवारी भयो।

अर्को दिन चैत्र २ गते बिहान ७॥ बजे श्री पण्डितराज सोमनाथ सिग्देलज्यूको अध्यक्षतामा सम्मेलनको कार्यक्रम आरम्भ भयो। यस सभामा निम्नलिखित महानुभावहरू प्रमुख वक्ता हुनु हुन्थ्यो।

(१) प० हरिराम शुक्ल सा० यो० विभागध्यक्ष वा० सं० वि०वि०

(२) पं० सुब्रह्मण्यम् शास्त्रीं (मीमासाविभागाध्यक्ष, काशी हि० वि० वि०

(३) पं० कालीप्रसाद मिश्र भू० पू० प्र० आ० आ० का० हि० वि० वि०

(४) पं० कमलाकान्त मिश्र भू० पू० प्र० आ० जो० म० गोयका महाविद्यालय।

(५) पं० बलदेव उपाध्याय (अनुसन्धान विभागाध्यक्ष वा० सं० वि० वि०

(६) पं० रुद्रधर झा (न्या० प्राध्या० हि० वि० वि० काशी)

(७) प० रामेश्वर शर्मा प्रा० त्रि० वि० वि० काठमाण्डू

आफ्नो सारगर्भित भाषणमा वक्ताहरू द्वारा वेदादिशास्त्रको र तदनुकूल आचरणको महत्ता दर्शाइएको थियों। संस्कृतविश्व विद्यालयका सम्बन्धमा वक्ताहरूका अभिव्यक्तिहरू यी थिए—प्रकृति देवीको अनुकम्पाबाट विभिन्न सुविधाहरू प्राप्त यस नेपाल देशमा पुराकालदेखि अहिलेसम्म जसरी संस्कृतवाङ्मयरक्षाको परम्परा चली आएको छ, अगाडि पनि एक संस्कृत विश्वविद्यालय स्थापना गरी वर्तमान वैज्ञानिक युग सुहाउंदों विश्वबन्धुत्वको आदर्श व्यवहार मा ल्याउन सक्ने अनुकरणीय स्नातकहरू तैंयार पार्नु पर्छ। वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को संस्कृत विश्व विद्यालयमा पनि धेरैंजसो छात्रको सङ्ख्या नेपाली विद्यार्थीलेनै पूरा गरेका छन् भने यहाँ संस्कृतविश्वविद्यालय निश्चय पनि चल्न सक्द छ। जहाँ वेदादि-शास्त्रानुमोदित क्षत्रिय राजा छन जहाँ वर्णाश्रमधर्मको श्रद्धापूर्वक पालन गरिन्छ त्यहाँ प्रचलित युगसंग दांजिन सक्ने विश्वविद्यालयको सञ्चालन नितान्त आवश्यक छ।

संस्कृतमा विज्ञानको कमी छैन, कमी छ तिनको अनुसन्धान गरी व्यवहारोपयोगी रूपमा विश्वसमक्ष राख्नुको, अनि आवश्यक छ संसारमा अशान्त वातावरणको सिर्जना गर्ने आजका भोगप्रधान-वादहरूको प्राचीन दार्शनिक सरणीद्वारा खण्डन गर्दै शान्ति-सद्भा-वना-त्यागको उदाहरण जनसमक्ष राखेर बांच्न बंचाउन सक्ने जीवन पद्धतिका प्रचार-प्रसारको, यी सब लक्षपूर्ति केवल विश्वविद्यालयको नामकरण र स्थापनाले मात्र हुन सक्दैनन्, तिनकालागि निरन्तर सरकार र जनसमाज सर्वतोभावेन प्रयत्नशील हुनपर्छ, त्यो न भएमा आज-अगि विभिन्न स्थानमा स्थापित विश्वविद्यालयहरूको जो चिन्तनीय स्थिति छ त्यै स्थितिमा प्रस्तावित संस्कृतविश्वविद्यालय पनि पुग्ने संभावना हुन्छ। हिन्दु जातिमा राष्ट्रको विशेषता पूर्वार्जित अगाध ज्ञानविज्ञानको राशिनै हो। त्यो राशि नाशिएर हिन्दु जातिनै समाप्त नहोस् त्यसका लागि तिनको संरक्षण र विकास गर्न सक्ने शिक्षा-पद्धतिलाई अपनाएर पथभ्रष्ट हुन लागेका युवकहरूलाई त्यस प्रति आकृष्ट गर्न सक्नुपरेको छ आदि।

दोस्रो दिनको यो पहिलो सभा ११॥ बजे विसर्जित भयो र सबै जना आफ्वा आवास-कुटीरतर्फ विश्राम र भोजनका लागि पाल्नु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोजनोत्तर केही अतिथिगणहरू श्री५ महाराजाधिराज सरकार, महामहिम भारतीय राजदूत, माननीय उपप्रधानमंत्रीज्यू र उपकुलपतिज्यूलाई विदा गर्न विमानघाट 'टरीगाउँ' पाल्नुभयो। विदा गरेर आएपछि ३ बजेको समयमा सबै जनाको मञ्चमा सामेली भयो।

ठीक ३ बजे पछि सभाको कार्यक्रम आरम्भ गरियो। यो सभाको सभापति पदमा वरण गरिनुभयो श्री सुब्रह्मण्यम् शास्त्री। त्यस सभाका प्रमुख वक्ताका नाम यी थिए :—

(१) पं० कालीप्रसाद मिश्र

(२) श्री रामचन्द्र शास्त्री

(३) श्री डा० जयमन्त मिश्र

(४) श्री पट्टाभिराम शास्त्री

(५) श्री विश्वनाथ शास्त्री आदि

वक्ताहरूको भनाई थियो—वैज्ञानिक साधनहरूले गर्दा आज विश्व संकुचित जस्तो भइसक्यो। सबै सस्कृतिको परस्पर संमिश्रण र आदान-प्रदान हुंदैछ। जुन भाषा पढयो जुन देशमा वस्यो त्यो भाषा र देशका सस्कृतिको प्रभाव न परी छाड्दैन। जुन जातिलाई पनि जीवित उसका संस्कृतिलेनै राख्छ। आर्यसस्कृतिको मूलाधार संस्कृतवाङ्मयनै हो, अतः त्यसको प्रचारप्रसार नभई सस्कृतिको संरक्षण र सो वेगर जातिको संरक्षण हुन सक्दैन। त्यस कारण हाम्रो जातिको रक्षाको लागि संस्कृतविश्वविद्यालय आवश्यक छ आदि।

यस सभाको कार्यक्रम चल्दाचल्दै एकासी वर्षा आरम्भ भएकोले सभामञ्चबाट विद्यालयभित्र गएर श्रीवेदान्तदज्ञा प्रभृति विद्वान्हरूका उक्त विचार समर्थक भाषण भए र वैदिक शान्तिपाठ पूर्वक सभा विसर्जित गरियो। यस रातमा संस्कृतको मृच्छकटिक नाटक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रदर्शन गराउने कार्यक्रम ज० म० वि० का छात्रहरूद्वारा राखिएको थियो, पानी परेकोले त्यसको अभिनय देखाउन सकिएन।

तेस्रो दिन प्रातः ७ बजे लखनऊ विश्वविद्यालयका प्राच्यविभागाध्यक्ष एवं ज०म० वि० वि० का भू० पू० प्रधानाचार्य आनन्दझाज्यूको अध्यक्षतामा वैदिक स्वास्तिवाचन-पूर्वक सभाको आरम्भ गरियो। वक्ताहरूमा प्रमुख हुनुहुन्थ्यो :—

(१) योगी नरहरिनाथ (२) श्री शंकरनाथ फलेग्रही

(३) श्री खेमराज केशवशरण (४) श्री स्वामीकरपात्रीजी

(५) श्री निरीक्षणपतिजी मिश्र (६) श्री आनन्द झाजी आदि

यस सभाका वक्ताहरूले पनि श्री ५ महाराजाधिराज सरकारका भाषणमा आंकाक्षित भावनानुकूल विचार प्रकट गर्नु भएको थियो। विभिन्न विषयमा अद्यावधि प्राप्त गरिएका ज्ञान विज्ञानको समन्वय गर्न प्राचीन ग्रन्थहरूको गम्भीर अध्ययन अध्यापन मनन र अनुसन्धान गराउने खालको विश्वविद्यालय हुनुपर्छ। संस्कृत विद्याका प्राण आस्तिकता, सच्चरित्रता त्याग, तपस्या आदि हुन् यिनबाट मात्रै विश्वशान्ति र विश्वकल्याण सम्भव छ। अतः आधुनिकभन्दा आधुनिक विज्ञानको अध्ययनलाई अंगालेर पनि कट्टरता साथ उपर्युक्त गुणहरूको पालन गर्ने स्नातकहरू सो विश्वविद्यालयबाट तयार पार्नुपर्छ। वर्तमान शिक्षा र परीक्षाको प्रणाली दोषमय छ। गुरु शिष्यमा सौहार्द ल्याउने त्यागप्रधान शिक्षा र शास्त्रार्थ एवं वादविवादको आधुनिक प्रकार अंगालेको परीक्षण पद्धति अपनाउनु पर्छ। ज्ञान विनाको विज्ञान विश्वका लागि भयङ्कर साबित भई रहेकोछ। अतः ज्ञान र विज्ञावको समन्वय गर्ने सो विश्वविद्यालयको लक्ष हुनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वमा आज अनेक प्रकारका वाद प्रचलित छन्, तिनको सही उत्तर आफ्नो दार्शनिक दृष्टिकोणबाट दिन सक्ने स्नातक तयार पार्न सकेमात्र संस्कृतभाषा र त्यसका दर्शनपद्धटी विश्वको आस्था वढन सक्छ। यी सब कुराको पूर्तिका लागि संस्कृतविश्व-विद्यालय यहाँ हुनु परमावश्यक छ भन्दै निम्नलिखित ४ प्रस्ताव पारित गरी यो सभा ८॥। बजे विसर्जित भयो।

(१) २०२४ साल चैत्र१ गते दाङ्ग विजौरी जनतामहाविद्या-लयको प्राङ्गणमा हिन्दूराष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार-बाट आफ्ना करकमलद्वारा नेपाली र भारतीय विशिष्ट विद्वान् एवं महान् योगीश्वरहरूको जो सम्मेलनको उद्घाटन गरीबक्सियो त्यसमा सम्मिलित विद्वान र अरु सबै हामीहरूले मौसुफ राष्ट्रना-यकका भाषण अनुसार आवश्यक अनुभवगरिएका संस्कृतविश्वविद्या-लयको स्थापना विषयलाई लक्ष गरेर संकल्प गर्छौं कि यो संस्कृत विश्वविद्यालय प्रकृतिले मनोहर, संस्कृतको संवर्धन गर्ने उत्साहले युक्त जनता भएको नेपालको दाङ् विजौरी स्थलमानै त्यस प्रकार संस्थापित गरौं, जसबाट निक्लेका स्नातकहरू गंभीर विद्वत्ताले सम्पन्न होउन्।

(२) त्यस संस्कृतविश्वविद्यालयको रूप-रेखाका सम्बन्धमा हामी-हरूले एकमत भएर निश्चय गर्दछौं कि "आन्वीक्षिकी त्रयी वार्ता दंडनीतिश्च शाश्वती" यो वचन अनुसार (क) तर्कशास्त्र (ख) वेद (ग) कृषि पशुपालन वाणिज्य (घ) राजनीति र अर्थ शास्त्र चार संकाय (फैकल्टी) राखियुन् र यिनैमा अरु विभागहरू गाभियुन्।

(३) यो सम्मेलन श्री ५ महाराजाधिराज महेन्द्रवीरबिक्रम साहदेवका जुनाफमा धन्यवाद चढाउँदै धेरै धेरै शुभाशिष टक्र्याउंछ कि मौसुफको संस्कृत वाङ्मयको संरक्षणको सदिच्छा सर्वथा पूर्ण हो ओस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) यस सम्मेलनले विश्वविद्यालयको प्रतिवेदन तयार पार्नका लागि निम्नलिखित महानुभावहरूको एक प्रतिवेदनसमिति गठित गर्दछ । :—

(१) श्री गङ्गाधर शास्त्री पराजुली (निदेशक ज० म० वि०) संयोजक ।

(२) श्री छविलाल पोखेल (प्र० आ० पि० सं० म० वि० धरान) सदस्य ।

(३) श्री केशव दीपक (सचिव० वि० सं० आ० स०) सदस्य ।

(४) श्री रामेश्वर शर्मा (प्रा० त्रि० वि० वि० ,,

(५) श्री टेकनाथ शास्त्री गौतम हापुर ,,

(६) श्री एकराज शास्त्री शर्मा बर्गदी ,,

(७) श्री योगी नरहरिनाथ: ,,

यो सभा सकिएपछि फर्किन चाहने भारतीय र काठमाण्डूका विद्वानहरूलाई राजकोय विमानद्वारा बनारस हुंदै काठमाण्डू पठाइयो। भारतीय विद्वानहरूलाई हिन्दूपरम्परा अनुसार यथाशक्ति दक्षिणा पनि टक्र्याइएको थियो । केही विद्वानहरू सर्बिस प्लेन द्वारा पनि काठमाण्डू तर्फ पठाइनुभयो । बाँकी विद्वान्हरूबाट सम्मेलनको कार्यवाही चलीनै रह्यो ।

श्री कुलमणि द्यौकोटाज्यूको अध्यक्षतामा ११ बजेदेखि फेरि सभा भयो । श्री ५ महाराजाधिराजसरकारको अस्वस्थताको दुःखद समाचार आइपुगेकाले सभासद सर्वबाट मौसुफको गाथमा चाँडो स्वास्थ्यलाभका लागि श्रद्धा-भक्तिका साथ श्री पशुपतिनाथ संग प्रार्थना गरियो । आयोजकसमितिका तर्फबाट विद्वानहरूद्वारा रुद्रीपाठ हवन पनि गराई यो सभा ३।। बजे सकिए पछि योगी नरहरिनाथको सञ्चालकत्वमा ४ बजेदेखि बेलुकी ८ बजेसम्म तेस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनको अन्तिम सभा चल्यो। यस सभाको अध्यक्षता श्री स्वामी ईश्वरानन्दज्यूले गर्नु भएको थियो। यी दुवै सभामा उपस्थित विद्वान्हरू प्राय: धेरै जसोलाई बोल्ने अवसर दिइएको थियो। दुबै सभामा माथि भनिएका कुराहरूमा जोड दिन्का साथै विशेष सुझाउ यही आएको थियो-कुनै पनि भाषा, साहित्य, दर्शन आदिको प्रचारमा त्यहाँको सर्कारले जोड न लगाएसम्म सो सफल हुन सक्दैन। प्राचीन कालमा आर्यसंस्कृति र साहित्य-दर्शन आदिमा तत्कालीन राजाहरूले ठूलो जोड लगाएका थिए। ऋषिकुल गुरुकुल आदिका आश्रयदाता राजाहरूनै हुन्थे। उज्जयिनीका विक्रमादित्य, पुष्यमित्र, गुप्तवंशी, शकवंशी, चोलवंशीहरू, सम्राट् हर्ष-र भोज आदिको नाम यस काममा प्रसिद्ध छ। बौद्ध धर्म र दर्शनको प्रचारमा सम्राट अशोकले जोड न लगाएको भए त्यति चांडै त्यस्तो व्यापक प्रचार हुने थिए न। मुसलमान बादशाहहरूको ता शासन गर्नुभन्दा पनि मुख्य काम इस्लामी संस्कृति र अरबी उर्दू भाषाको प्रचार थियो। ब्रिटिश फ्रेञ्च आदिको पूर्व एशियामा शासन स्थापित न भएको भए र उनीहरूले जोड न लगाएको भए यहाँ ती भाषा र संस्कृतिको यति चाँडै यो विधि प्रचार हुने थिएन। कुनै राष्ट्रले हिन्दूसंस्कृति र दर्शनको प्रचार-प्रसार चाहन्छ: भने त्यो मनले चाहेर मात्र संभव हुँदैन। त्यसको लागि समाजको साथै त्यहाँका शासनले विशेष जोड लगाउनु पर्छ। कुनै पनि संस्कृति र दर्शनको प्रचार-प्रसार र संरक्षण केवल तर्क र वाद-विवादबाट हुन सकेको छैन। संस्कृत विश्वविद्यालयको स्थापना गरेर मात्र भौतिकवादमा रङमङिएको आजको भोगलोलुप समाजलाई फर्काउँला भनी सोच्नु केवल कल्पना हुनेछ। त्यसका लागि त समाज र सर्कारको बहुमुखी निरन्तर सेवाको आवश्यकता छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्यशास्त्र र संस्कृतिको संरक्षण संवर्धनका लागि संस्कृत विश्व-विद्यालयमा निम्नाङ्कित कुराहरूलाई तत्परताका साथ कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा विद्वान्हरूको विशेष जोर थियो ।

(१) राष्ट्रिय शिक्षाको माध्यम क्रमशः संस्कृत भाषालाई गराउने

(२) रेडियो नेपाल द्वारा संस्कृतमा समाचार-प्रसार गराउने ।

(३) प्रारंभिक कक्षादेखि उच्च कक्षासम्मका अरु शिक्षामा पनि संस्कृत अनिवार्य गराउने ।

(४) संस्कृतमा पनि "द राइजिङ्ग नेपाल" जस्तै एक समाचार पत्र निकाल्ने ।

(५) व्यवहारोपयोगी र वैज्ञानिक अरु भाषाका ग्रन्थहरूको संस्कृतमा अनुवाद गराउने ।

(६) संस्कृत भाषामा आधुनिक व्यवहारोपयोगी मौलिक ग्रन्थ लेखन समुचित पुरस्कारप्रदान घोषणाले प्रोत्साहित गर्ने ।

(७) सबै राजकीय पदाधिकारीहरूले साधारण संस्कृत भाषाको ज्ञान राख्ने ।

(८) सर्कारी पदहरूमा संस्कृतज्ञलाई प्राथमिकता दिने ।

(९) संस्कृतमा लेखिएका प्राचीन वैज्ञानिक विषयहरूको अनु-सन्धान गर्ने ।

(१०) संस्कृतनाटक पत्र-पत्रिकाहरूको प्रचार-प्रसार गर्ने ।

(११) सर्वत्र धर्मशास्त्रहरूको पठन-पाठन प्रचार गर्ने ।

(१२ संस्कृत भाषामा रुचि राखने मित्रराष्ट्रसंग विशेष सम्पर्क राख्ने ।

(१३) स्वभावैले संस्कृति-संरक्षणको मूलस्रोत महिलावर्गमा गृह-स्वास्थ्यविज्ञानादि शिक्षा संस्कृतमानै दिन अनिवार्य गर्ने ।

(१४) आर्यसंस्कृतिका अनुयायी हिन्दूधर्मावलम्बी हिन्दूराष्ट्रले आर्यसंस्कृतिको मूलाधार संस्कृत भाषालाई सहराष्ट्रभाषा घोषित गरी अपना इतिहासमा सुनौलो पाना थप्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त सुझावहरुका साथ धेरै विद्वान्हरूले प्रस्तावित संस्कृत विश्वविद्यालयमा अध्यापक थोरै राखेर उच्चकक्षाका विद्यार्थीहरुद्वारा तल्लो कक्षाका विद्यार्थीहरूलाई पढाउने परिपाटीनै मुख्यतया अंगाल्नु पर्छ भनी जोड् दिनुभएको थियो। वैदिक स्वस्तिवाचन पछि सम्मेलन समाप्त गरियो। अघिल्ला दिन देखाउन भनी सोचिएको "मृच्छ-कटिक" संस्कृत नाटकको ९ बजे देखि १२ बजेसम्म अभिनय गरियो।

अर्का दिन शेष अतिथिहरूलाई सादर विदा गरी आयोजकसमिति का सचिवज्यूबाट सम्मेलनमा अनवरत सहयोग गर्ने व्यक्तिहरू, पंचायत, वर्गीयसंगठन, सर्कारी कर्मचारी, मोटरमालिक एवं चालक-हरूमा कृतज्ञतापूर्वक धन्यवादज्ञापन गरी सम्मेलनमा भएका त्रुटि र कमीका लागि आयोजक समितिकातर्फबाट क्षमायाचना गर्नु भयो।

सम्मेलन सकिएपछि सो सम्बन्धी शेष काम फर्स्याउने दायित्व आयोजक समितिका अध्यक्ष रापती अंचलाधीश श्रीरामनारायण श्रेष्ठ ज्यूको आज्ञाले महाविद्यालयका संचालक समितिलाई प्रदान गरियो।

सम्मेलन सम्बन्धी आय-व्ययको विवरण यस प्रकार छ—

आय-विवरण	रकम
श्री ५ महाराजाधिराज सरकारबाट विद्वत्सम्मेलन-लाई बक्सेको रु० पाँच हजार	५००० ।
श्री जिल्लापंचायत कार्यालय दाङ्बाट वि० सम्मेलन-लाई प्राप्त अनुदान रु० एक हजार	१००० ।
विभिन्न महानुभावहरूद्वारा संकलित चन्दा रु० चार हजार चार सय आठ	४४०८ ।
श्री राप्ती अंचल शिक्षा समितिबाट प्राप्त सैंतिस हजार	३७००० ।
जम्मा सतचालिस हजार चारसय आठ	४७४०८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यय-विवरण

प्रचारसाहित्य, विज्ञापन, भाषण, प्रतिवेदन, जनता महाविद्यालयको संक्षिप्त इतिहास आदि छपाउदा प्रेस खर्च
एक हजार द्विसय तेत्तिस १२३३ ।

सांस्कृतिक प्रदर्शनमा रिहर्सल, पर्दा पोसाक, शृङ्गार सामान आदिमा भएको खर्च रु० एक हजार १००० ।

देश-विदेशका अतिथिहरूलाई आमन्त्रण गर्दा लिन जाँदा सेवामा कर्मकर नियुक्त गर्दा र विदाई भेट एवं यातायात खर्च समेत सोह्र हजार एक्काइस रुपैया दस पैंसा
१६०२१।१०

मञ्च निर्माण अतिथि आवास, विद्यालय र छात्रावास मर्मत सफाई तथा पूल चौतारो निर्माण आदि काममा खर्च रु० आठ हजार द्विसय उनन्चास रुपैया छैसठ्ठी पैंसा ८२४९।६६ ।

निरामिष, स्वादु, इच्छा भोजन र शर्बत, सोडा आदि जलपान, फलफूल आदिका निमित्त खाद्य विभागमा भएको खर्च रु० सात हजार सातसय अट्ठाइस रुपियाँ सत्तरी पैसा ७७२८।७०

लखनउबाट सामान झिकाउँदा, तत्काल परिआएको माइकभाडा, मोटरभाडा, ज्याला मोटररिजर्भेशन, आदि-मा भएको साधारण तर्फको खर्च चौध हजार सात सय सताउन्न रुपिया छयालीस पैसा १४७५७।४६

जम्मा उनन्चास हजार उनन्तिस रुपियाँ
बयान्नबे पैंसा ४९०२९।९२

नोट—सम्पूर्ण आयमा व्यय घटाउँदा अपुग हुन आउने एकहजार छ सय एक्काइस रुपियाँ बयान्नबे पैसा १६२१।९२ मोटरभाडा प्याट्रोलको मूल्य र अन्य कोई सामानहरूको दाम तिर्न न सकी तत्तत् स्थानमा बाँकी ऋण राखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेरिज

आय—४७४०८।

व्ययको विवरणमा परेको	व्यय
१६२१।९२ तर तिर्नमा बाँकी	४९०२९।९२
योग—४९०२९।९२	केशवदीपक
	०२५।७।७ मा

सचिव

विद्वत्सम्मेलन आयोजक

समिति

प्रतिवेदन-सामग्री-सङ्कलन

विद्वत्सम्मेलन सकिएको भोलीपल्टैदेखि प्रतिवेदनसमितिका आयोजक सहित श्री सुरेन्द्र झा प्रभृति केही विद्वान्हरू स्थानीय सूदयरामेश्वर मन्दिरमा राष्ट्रनायकको स्वास्थ्यलाभका निमित्त केही दिनसम्म अनुष्ठानमा लाग्नुभयो।

त्यस पछि प्रस्तावित संस्कृत विश्वविद्यालयको सम्बन्धमा विशिष्ट विद्वान्-हरूसँग लिखित सम्मति प्राप्त गर्न पत्रव्यवहार गर्दा कतिपय विद्वान्हरूका सम्मति र शुभकामना प्राप्त भए, तर भारतका धेरै विद्वान्हरू त्यस वेला ग्रीष्मावकाशको भ्रमणमा हुँदा समयमा पत्र न पाई सम्मतिहरू प्राप्त हुन सकेनन् र श्रावणको तेस्रो सप्ताहमा प्रतिवेदनसमितिका आयोजक गङ्गाधर शास्त्री पराजुली विद्वान्हरूका सम्मति र शुभकामना प्राप्त गर्न वाराणसीतिर जानु भयो। पूज्यपाद स्वामी श्री १००८ हरिहरानन्द सरस्वती (करपात्रीजी महाराज)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वतन्त्र-स्वतन्त्र महामहोपाध्याय श्रीगोपीनाथ कविराज पण्डितराज श्री राजेश्वर शास्त्री द्रविड प्रभृति विशिष्ट विद्वान्हरूका समेत शुभाशिषात्मक सम्मतिहरू लिएर भाद्रको अन्त्यमा गङ्गाधरशास्त्री दाङ्गमा आउनुभयो।

तदनन्तर विद्वान्हरूका भाषण र सम्मति आदिको आधारमा प्रतिवेदनको मसौदा हुन लागेकोमा श्री जागेश्वर ब्राह्मणज्यूले प्रतिवेदनका सम्बन्धमा राय लिन शीघ्र काठमाण्डू आउन भनी बराबर सूचना गर्न लाग्नुभयो र प्रतिवेदन समितिका उपस्थित सदस्य श्री टेकनाथ गौतम र श्री केशव "दीपक" समेत भई प्रतिवेदनको संक्षिप्त रूपरेखा प्रस्तुत गराई सो लिएर आयोजक गङ्गाधर शास्त्री आश्विन २९ गते काठमाण्डू जानुभयो।

त्यसवेला स्वास्थ्यपरीक्षणको निमित्त राष्ट्रनायकको शीघ्रनै बाहिर सवारी हुने चर्चा भएको र प्रतिवेदन प्रस्तुत गर्न केही समय लाग्ने हुँदा हिउंदको समयमा व्यवस्थित योजना र संमति दिन सक्ने दक्षिण भारतका समेत केही विशिष्ट विद्वान्हरूलाई बोलाई एक विद्वद्गोष्ठीको आयोजन गराई सोही गोष्ठीमा प्रतिवेदन समितिका सदस्यहरूलाई पनि सम्मिलित गरी विविध अङ्गमा पूर्ण विवेचनाका साथ प्रतिवेदन पूर्ण पारने ध्येय राखी प्रतिवेदनको सम्बन्धमा आजसम्म भई रहेको गतिविधि अवगत गराउन वाल्मीकि संस्कृत महाविद्यालयमा पण्डितराज श्रीसोमनाथ सिग्देलज्यूको अध्यक्षतामा कार्तिक ३ गते एक विद्वत्सभा बोलाई उपस्थित विद्वद्वर्गद्वारा प्रतिवेदनको रूपरेखामा अनुमोदन प्राप्त भए पछि उसैको आधारमा प्रस्तावित संस्कृत विश्वविद्यालयको आवश्यकता र सैद्धान्तिक स्वरूपमात्रको केही चर्चा गरी एक निवेदन तयार पारी कार्तिक ४ गते माननीय का० मु० शिक्षामन्त्री श्रीवासुदेवप्रसाद ढुङ्गानाद्वारा श्री ५ महाराजाधिराज सरकारका जुनाफमा जाहेर हुने गरी सहसचिव श्री जागेश्वर ब्राह्मण र निर्देशक श्री गङ्गाधर शास्त्रीले सो निवेदन प्रस्तुत गर्नुभयो र भावी विद्वद्गोष्ठीका निमित्त अपेक्षित केही भारतीय विद्वान्हरूसंग सम्पर्क राखन महामहिम श्री भारतीय राजदूतसंग परामर्श समेत गर्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्तिक ४ गते प्रस्तुत गरिएको संक्षिप्त निवेदन

श्री ५ महाराजाधिराज सरकार,

२०२४ साल चैत्र १ गते दांगस्थित जनतामहाविद्यालयका प्रांगणमा आयोजित विद्वत्सम्मेलनको समुद्घाटन सरकारका बाहुलीबाट सम्पन्न गराउन पाउँदा असीम हर्षको अनुभव भएको छ। यो विद्वत्सम्मेलन प्रस्तावित संस्कृत विश्वविद्यालयको पृष्ठभूमिमा आयोजित थियो। केवल १२ दिनको स्वल्प समयमा जो तयारी हुन सक्यो, विद्वद्वर्ग र सन्तसमुदायको जो उपस्थिति हुन सक्यो, सो सबै सरकारका प्रतापको प्रभाव हो। तीन दिने यस सम्मेलनको कार्य-विवरण सङ्क्षेपमा पृथक् प्रकाशित गरिँदै छ। सरकारबाट समुद्घाटन भाषणमा बक्सेको अपीलमा ध्यान दिई सम्मेलन समयमा विद्वद्वर्गबाट जो छल-फल भयो, भाषणहरू भए, पछि समागत विद्वान्हरूसँग सम्पर्क राखी मगाइएका लिखित सम्मतिहरूमा जो आशय पाइयो, उक्त सबै विषयवस्तुको अध्ययन गरी उसैको आधारमा प्रस्तावित संस्कृत विश्वविद्यालयको आवश्यकता र स्वरूपबारे सरकारका समक्ष सङ्क्षेपमा यो निवेदन प्रस्तुत छ।

दांगबाट सवारी भएकै दिन एकाएक सरकार अस्वस्थ होइबक्सेको दुःखद घटनाबाट केही समयसम्म कार्यमा शिथिलता आएको र विद्वान्हरूको सम्मतिको संकलनमा पनि केही समय लागेको हुँदा यस कार्यमा केही विलम्ब हुन गयो।

सरकारबाट समुद्घाटन-भाषणमा हुकुम भए अनुसार केही वर्ष अघिसम्म हाम्रो शिक्षा संस्कृतमय थियो। हाम्रा समस्त व्यवहार संस्कृत शिक्षाकै आधारमा चल्दथे। "धर्मे चार्थे च कामे च मोक्षे च भरतर्षभा। यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्" यो सिंहगर्जना थियो। दुर्भाग्यवश आर्यदेशको एक विशाल भागमा शक-हूण-यवन र अंग्रेजहरूको आक्रमण हुन गयो। आर्यसंस्कृतिमाथि नाना प्रकारका आघात-प्रत्याघात पर्न आए। आर्यसंस्कृतिको मूलाधारभूत संस्कृतवाङ्मय उपेक्षित हुन थाल्यो। त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभाव हाम्रो देशमा पनि पर्न लाग्यो। संस्कृतमय हाम्रो शिक्षाले आज अर्कै रूप लिन लागिरहेछ। संस्कृतशिक्षा प्रतिको निष्ठा खिइंदै छ। हाम्रो धर्म, हाम्रो संस्कृति र हाम्रो परम्परानै हाम्रो राष्ट्रियता हो। हाम्रा धर्म-संस्कृति-परम्परा संस्कृतशिक्षामानै आधारित छन्। धर्मसंस्कृति-परम्परारूप राष्ट्रियता दरिलो पार्न पनि आज हामीलाई संस्कृतशिक्षा अत्यावश्यक भएको छ। हाम्रो देश विश्वको एकमात्र हिन्दू-अधिराज्य भएकोले हिन्दू-संस्कृतिको प्राणमय संस्कृत वाङ्मयको संरक्षण र संवर्धन गर्नु हाम्रो परम कर्तव्य भएको छ। वर्तमान पंचायती प्रजातन्त्रप्रणालीको जग बलियो गराई विकास गर्न पनि संस्कृत वाङ्मयको उत्थान अत्यावश्यक हुन आएको छ।

संस्कृतवाङ्मयका वेद-वेदांग, दर्शन, स्मृति, इतिहास र पुराणहरू प्रायः हाम्रै हिमालयका कन्दरामा तपस्या गर्ने महर्षिहरूका मस्तिष्कमा आविर्भूत भएका हुन्। हाम्रो देशलाई संस्कृतवाङ्मयको मुहान भनेमा अत्युक्ति हुनेछैन। अघिअघि हाम्रो देशमा विद्वान्हरूले घर-घरै पाठशाला चलाउथे। टाढाबाट आउने विद्यार्थीहरूलाई भोजन-वस्त्रादिको समेत प्रबन्ध गरी पढाउँथे। यस्ता विद्वान्हरूलाई उन ताकका राजाहरूले सर्व-रकम-माफीको सनद गरी दिएर संस्कृत प्रतिको आफ्नु निष्ठा व्यक्त गर्दथे। आज त्यो प्रचलन हरायो। पहाड-पर्वत, शहर-बजार, गाउँ-खर्क, कुना-काप्चा जतासुकै संस्कृतको प्रतिकूल शिक्षा चलिरहेको छ। हाम्रा कुमारहरूमा आफ्नो धर्म, संस्कृति र परम्परा प्रतिको श्रद्धा घट्दै छ। यस अवस्थामा संस्कृतशिक्षा पट्टि ध्यान नदिएमा हाम्रो राष्ट्रियतानै धरापमा पर्नजाने संभावना छ। राष्ट्रियताको अनुकूल शिक्षाले राज्याश्रय पाएन भने राष्ट्रियता समेत लिएर सो शिक्षा समाप्त हुन्छ। सरकारका पुर्खाहरूका शाखाहरूमध्ये श्री कुलमण्डनसाहलें कस्केली पण्डितहरूको र ज्योतिषीहरूको सहायता पाएका हुनाले सो शाखा फैलिदै लमजुङ् गोर्खाका विद्वान्हरूको सहयोग लिदै काठमाडौं आएर विशाल नेपालको तर्जुमा गर्न सक्ने भयो। अरु ढोर, मिरकोट, गह्रौंकोट, आदि शाखाहरू विद्वत्प्रश्रय नपाएर नै सेलाउदै गएका कुरा साहवंशको पूर्वेतिहासले पनि बताएकै छ। अतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नु राष्ट्रियताको अनुकूल शिक्षाको संरक्षण गर्नु राष्ट्रका निमित्त श्रेयस्कर छ।

राजनीतिक दृष्टिले पृथक् भए पनि विश्वका हिन्दूहरू सांस्कृतिक दृष्टिले हाम्रो देश र राजमुकुटलाई आफ्नै ठानी श्रद्धा र गौरवलें हेर्दछन्। हिन्दू-संस्कृतिको मूलाधारभूत संस्कृतवाङ्मयको संरक्षण र संवर्धन नेपालले अवश्य पनि गर्नेछ भनी आशान्वित छन् र हाम्रो सहायता गर्न पनि तत्पर छन्। यस कारणले पनि हाम्रो देशमा संस्कृत वाङ्मयको प्रतिष्ठापनाका निमित्त प्रयत्न हुनु अनिवार्य छ।

सरकारबाट समुद्घाटन भाषणमा हुकुम भएकै छ—हाम्रा पुस्तकालयहरूमा अनमोल ग्रन्थरत्नहरू छन् ती ग्रन्थहरूको अध्ययन, मनन, अनुसन्धान र सारग्रहण गरी प्रचार-प्रसार गरेमा हामीले आफ्नै ढंगको वैज्ञानिक चमत्कारबाट विश्वलाई आकृष्ट गर्न सक्छौं, सन्मार्गमा लगाउन सक्छौं, विश्वशान्ति स्थापित गर्न सक्छौं। अतः हाम्रो देशमा संस्कृत विश्वविद्यालय अत्यावश्यक छ।

वर्तमान समयमा हाम्रा छिमेकी राष्ट्रमा विश्वविद्यालयको जो स्वरूप छ, हाम्रो प्रस्तावित संस्कृत विश्वविद्यालयको पनि त्यही स्वरूप हुने हो भने यसबाट हाम्रा आकाङ्क्षाहरू कदापि साकार हुनसक्ने छैनन्। अतः यसको स्वरूप बेग्लै हुनुपर्छ। विगत विद्वत्सम्मेलनमा हतार भई सम्पर्क स्थापित गर्न नसकिएका व्यवस्थित योजना दिन सक्ने, दक्षिण-भारतका समेत केही विशिष्ट विद्वान्हरूलाई बोलाई यहीं हिउँदको अनुकूल समयमा एक सानु विद्वद्गोष्ठीको आयोजन गर्ने निर्णय संचालक समितिले गरेको हुँदा सोही गोष्ठीमा संस्कृत-विश्वविद्यालयको विस्तृत स्वरूप, पाठ्यक्रम, कुटीरव्यवस्था-प्रशासन-संचालन-प्रभृति कार्यमा लाग्ने व्ययको अकलनादि विषयमा पूर्ण विवेचन गराई निर्णय गर्ने ध्येय राखी हाल केवल सैद्धान्तिक रूपमा संस्कृत विश्वविद्यालयको स्वरूप निम्नधाराहरूमा प्रस्तुत गरिएको छ।

१. संस्कृत व्याकरणमा व्युत्पन्न केही छात्रहरूलाई विदेशी शिक्षा दिलाई उसको सारभूत र आवश्यक अंशको संस्कृत र नेपालीमा अनुवाद गर्न लगाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत वा नेपालीमात्रको शिक्षाबाटै डाक्टर-इंजिनीयरहरू तयार पारी विदेशी शिक्षामा भइरहेको समय-साधन-शक्तिको राष्ट्रिय अपव्यय रोकने प्रयत्न गर्ने ।

२. आधुनिक संस्कृत विद्यालयहरूद्वारा उपेक्षित, तर आधुनिक सामाजिक जीवनमा नितान्त अपेक्षित पौरोहित्यशास्त्र, व्यवहारशास्त्र, अर्थशास्त्र, वार्ताविद्या (कृषि-पशुपालन-वाणिज्य), स्थापत्य (वास्तुविद्या), नागरिकशास्त्र, राजशास्त्र, गणित, भूगोल, खगोल, इतिहास, भूगर्भविद्या पत्रकारिता, लोकभाषा आदिको समेत अध्यापन चलाउने लक्ष्य राखी अनुसन्धान गर्ने ।

३. आयुर्वेद, अस्त्रविद्यासहित धनुर्वेद, स्थापत्यशास्त्र, यन्त्रशास्त्र, भूगर्भ-शास्त्र, जीवशास्त्र, रसायनशास्त्र प्रभृति आगमोक्त विषयहरूमा आध्या-त्मिक र भौतिक दुवै प्रकारका साधनद्वारा अनुसन्धान गरी हिन्दू-संस्कृतिको प्रतिष्ठा पूर्ववत् जागरूक राखने प्रयत्न गर्ने ।

४. 'ज्ञानं भारः क्रियां विना' 'यस्तु क्रियावान् पुरुषः स विद्वान्' यस सिद्धा-न्तलाई ध्यानमा राखी रचनात्मक र व्यावसायिक शिक्षाको पूर्ण व्यवस्था गरी स्नातकहरूलाई स्वावलम्ब बनाई राष्ट्रलाई आत्मनिर्भर बनाउने ।

५. कुनै पुस्तकमा न लेखिएका, तर पूर्वजक्रमबाट हस्तक्रियाद्वारा हाम्रो देशमा चलिआएका, वर्तमान कागजी शिक्षाले गर्दा मास्सिन लागेका घरेलु शिल्पकला र मन्त्रवैद्यक-प्रणालीको संरक्षण संवर्धन र प्रचार-प्रसार गर्ने ।

६. राजतन्त्रको संरक्षण र हिन्दूसंस्कृति एवं हिन्दूजातिको विकास गर्न, वर्तमान भोगाभिमुख अशान्त समाजलाई संयमको आदर्श देखाई शान्ति दिलाउन र गुरुशिष्यसम्बन्ध सुमधुर बनाउन प्राचीन गुरुकुल-पद्धतिबाट ब्रह्मचर्याश्रम खोली विश्वबन्धुत्वको भावना स्थिर गराएर विश्वकल्याण सम्पादनका निमित्त आत्मबलशाली, कर्मठ र सदाचारी स्नातकहरू तयार पार्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. संस्कृत वाङ्मयको इतिहासको र तत्सम्बद्ध लोकभाषाहरूको अन्वेषण गर्ने ।

८. योग-योगाङ्ग र उपासनाको क्रियात्मक शिक्षाद्वारा आगम (तन्त्र) शास्त्रको रहस्यानुसन्धान गर्ने ।

९. हाम्रा पुस्तकालयहरूमा रहेका प्राचीन वैज्ञानिक ग्रन्थहरूको प्रकाशन, मनन, अनुसन्धान र सारसंग्रह गरी आध्यात्मिक-सम्पत्ति-सम्पुटित आफ्नै विज्ञानको प्रचार गरेर विश्वलाई कल्याणमय मार्गमा प्रवृत्त गराउने ।

१०. विश्वबन्धुत्वको आदर्श सम्मुख राखी पौरस्त्य आध्यात्मिक रहस्यको जिज्ञासा गर्ने पाश्चात्त्य जगत्लाई यथाविधि आध्यात्मिक रहस्यको परिचय दिने ।

११. 'यन्नवे भाजने लग्नः संस्कारो नान्यथा भवेत्' नीति अनुसार छात्रहरूलाई आत्मबल-सम्पन्न, चरित्रशाली, अनुशासित र राष्ट्रियता प्रति निष्ठावान् बनाउन ७/८ वर्षकै उमेरदेखि प्रविष्ट गराउने ।

१२. प्रशिष्ट छात्रहरूलाई पहिले वेदवेदांगको साधारण शिक्षा र पछि पौरस्त्य-पाश्चात्त्य ज्ञानविज्ञानको समन्वयात्मक पद्धतिले उच्च शिक्षा दिने ।

१३. विशिष्ट र अनुभवी विद्वान्हरूको समितिद्वारा ज्ञानविज्ञानको समन्वयात्मक पाठ्यक्रम तयार पार्ने ।

१४. वादविवाद-ग्रस्त वर्तमान विश्वमा हाम्रो नेपालको सहिष्णुता र समन्वयको सिद्धान्त प्रचार गर्ने ।

१५. भवनहरूको सज्जामा धेरै खर्च नगरी आगोबाट जोगाउन पुस्तकालय, भोजनालय, कार्यालय आदिका निमित्त मात्र भवनहरू बनाई अरु सबै काम कुटीरहरूमा सम्पन्न गराउने ।

१६. आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति गरी चार संकायमा विभक्त समस्त विद्याहरूको प्रचार-प्रसार गर्न यथासम्भव प्रयत्न गर्ने ।

१७. परीक्षा, अध्यापन र अनुसन्धान गरी तीन प्रकारका विश्वविद्यालयीय मूलस्रोतहरूको ठीकसंग संचालन गर्न सर्वदा ध्यान दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri.Funding: MIDF

१८. स्नातकहरूलाई वैदुष्यसम्पन्न र आत्मनिर्भर गराउन विषय हेरी मौखिक, लिखित र प्रायोगिक गरी तीन प्रकारका परीक्षाको व्यवस्था गर्ने ।

१९. छात्रहरूको बोध र संस्कार दृढ बनाउन र अध्यापनव्यय-भार कम गर्न उच्च कक्षाका छात्रद्वारा निम्न कक्षाका छात्रहरूको अध्यापन चलाउने प्राचीन प्रणालीको यथासम्भव प्रयोग गर्ने ।

२०. प्रतिदिनका कामकाजका कागजात, पत्रपत्रिका र अनुसन्धान गरिएका विषयहरूको प्रकाशनार्थ मुद्रणालयको व्यवस्था गर्ने ।

२१ अध्ययन, अध्यापन, लेखन, भाषणप्रभृति सकल व्यवहारको माध्यम सुबोध, सरस, सरल र सभ्य संस्कृत भाषालाई गराई जनसाधारणमा प्रचार गर्ने ।

२२. संस्कृतको प्रौढपाण्डित्यको संरक्षणका साथ विवेचनाशक्तिको पनि संवर्धन गर्ने ।

२३. त्याग, तपस्या र मितव्ययिताको आदर्श सामुन्ने राखी समस्त कामकाज गर्ने ।

२४. 'महेन्द्र-संस्कृत-विश्वविद्यालय' नामबाट दाङ्ग बीजौरीमा स्थापित गर्ने ।

२५. 'शस्त्रेण रक्षिते राष्ट्रे शास्त्रचिन्ता प्रवर्तते' नीति अनुसार राष्ट्र सुरक्षित रहेमा मात्र सबै कुरा हुन सक्ने हुनाले राष्ट्रलाई खदिलो पार्न प्राचीन राजशास्त्रको अनुसन्धान गरी उसको आधारमा पंचायतदर्शनलाई परिपुष्ट र परिष्कृत बनाउने ।

प्रस्तावित संस्कृत-विश्वविद्यालयको वास्तविक स्वरूप स्थापित भएपछि शनैः शनैः पूर्ण हुंदै जानेछ । प्रारम्भिक स्वरूप सानो तिनो भए पनि केही समयभित्रै उसले विशुद्ध र अपेक्षित स्वरूप लिएर अवश्य पनि नेपालको प्रतिष्ठा बढाउने छ र एक ठूलो अभावको पूर्ति गर्ने छ । यो विश्वविद्यालय कुन ठाउँमा स्थापित हुने भन्ने विषयमा विद्वत्संमेलनले धेरै छलफल विचार-विमर्श गरी अन्त्यमा सर्वसम्मतिबाट दांग विजौरीमानै स्थापित गर्ने प्रस्ताव पारित गरेको छ । दंगाली जनताको संस्कृत प्रतिको निष्ठा र उत्साह संमेलनमा उपस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई थाह भएको कुरा हो। विगत २००८ सालको दवदवामा धेरै नेपाली जनता अंग्रेजी शिक्षालय खोल्ने तरखरमा छंदा दंगाली जनताले संस्कृत विद्यालय खोली आफ्नो अमूल्य १२०० विघा भूमि विद्यालयलाई दिलाएर संस्कृत प्रतिको आफ्नो श्रद्धा र विश्वास छर्लंग पारेका छन्। दांगको जलवायुमा पहाडिया र तराइवासी दुबै थरी जनता रमाउन शक्तछन्। शहरिया वा अन्य कुनै प्रकारको बाह्याकर्षणबाट अध्ययन, अध्यापन, मनन वा अनुसन्धानमा कुनै क्षोभ हुने आशंका यहां छैन। विश्वविद्यालयलाई चाहिने मैदानको कमी पनि यहां छैन। न त सीमा नगीचै भएर विदेशी प्रभाव पर्ने आशंकानै यहां छ। सम्मेलनमा आई दांग उपत्यकाको साक्षात्कार गर्ने धेरै विद्वान्हरूले दांगको सुरम्य प्रशान्त रमणीय भूमिलाई नै संस्कृतवाङ्मयको अनुशीलनका निमित्त उपयुक्त ठहराई तदनुसारको आशय आफ्ना संमतिमा व्यक्त गरेका पनि छन्।

आजको आणविक युगमा सुरक्षाको दृष्टिबाट पनि हाम्रो संस्कृतिको सर्वस्व संस्कृतवाङ्मयलाई गाउंतिरै फर्काउनु श्रेयस्कर देखिन्छ। दांगमा संस्कृत विश्वविद्यालय स्थापित भएमा पूर्व-पश्चिम २३ कोश र उत्तर-दक्षिण ५ कोश देखि ६ कोशसम्म विस्तृत विशाल दांग उपत्यकाको र त्यसका तीन चतुर्थांश विस्तृत देउखुरी उपत्यकाको एवम् आसपासका अरु जिल्लाहरूको समेत विकास भई धेरै मात्रामा राष्ट्रिय लाभ समेत हुन जानेछ। विश्वविद्यालय चलाउन चाहिने मुख्य वस्तु आर्थिक स्रोतनै हो र देउखुरी जस्तो उर्वरा उपत्यकामा १२ शय बीघा भूमि विद्यालयको छंदैछ। वैज्ञानिक साधनबाट उत्पादन बढाएमा ४।५ वर्ष पछि १८ लाख रूपैयाको वार्षिक आय हुने अनुमान विशेषज्ञहरूले गरेका छन्। प्रचीनै साधनवाट पनि व्यवस्थितरूपले उत्पादन बढाउने प्रयत्न गरेमा ३ वर्ष भित्रैमा ४ लाख रूपियाको वार्षिक आय त सजिलै संग हुनसक्ने छ।

दांग विजौरीमा स्थापित जनतामहाविद्यालयलाई महेन्द्र-संस्कृतविश्वविद्यालय को रूपमा परिणत गर्ने दंगाली जनताको शिवसंकल्पलाई मान्यता दिवक्सी राप्ती अंचलाधीशको अध्यक्षतामा संघटित वर्तमान संचालक समितिलाई आवश्यकतानुसार विशेषज्ञहरू प्रगृहीत (को-आप्ट) गर्ने अधिकार र विश्वविद्यालयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रारंभिक व्यवस्था मिलाउन अपेक्षित संचित पूंजी विद्यालय संग नभएकोले ५ लाख रूपियांको अनुदान समेत दिलाइबक्सेमा प्रारम्भिक व्यवस्था पूर्ण गरी शीघ्रातिशीघ्र सरकारका बाहुलीबाट उक्त विश्वविद्यालयको समुद्घाटन गराउने दंगाली जनताको सदिच्छा साकार बनाई बक्सन सविनय प्रार्थना गर्दछौं। सरकारको जो दया जो हुकुम।

निवेदक

(जागेश्वर ब्राह्मण) (जनतामहाविद्यालयका सचिव)

(गङ्गाधर शास्त्री पराजुली) (जनतामहाविद्यालयका निदेशक तथा प्रतिवेदनसमितिका आयोजक सदस्य)

१७।१६१, टंगाल गैरीधारा, काठमाडौं, नेपाल।

२०२५।७।४।१।

यो निवेदन प्रस्तुत गरेर दाङ्गमा आएपछि प्रतिवेदनसमितिका वरिष्ठतम सदस्य योगी नरहरिनाथज्यू दक्षिण-भारतको यात्रावाट दाङ्गमा आउनु भयो र उहाँको समक्ष प्रतिवेदनको सम्बन्धमा भइरहेको वस्तुस्थिति दर्शाइयो। उहाँ संमेत भई प्रतिवेदन-समितिका सदस्यहरूले छलफल गर्दा संसारका कुनै पनि विश्वविद्यालय आरम्भमै पूर्ण भएर जन्मन सक्केका छैनन्, सबै शनैः शनैः पूर्ण हुँदै जाने हुन्। हामीले पनि छोटकरी योजना बनाई यस महत्त्वपूर्ण कार्यको शुभारम्भ सानो रूपमा भए पनि शीघ्र गर्नुपर्दछ। शुभारम्भ-समारोहमानै शिष्ट-विशिष्ट भारतीय विद्वान्हरूलाई पनि बोलाई उहाँहरूका सत्परामर्शहरू आफ्नो साँचामा ढाली कार्यान्वित गर्दै जाऊँला, अैले फेरि विद्वद्गोष्ठीको आयोजन तिर न लागी संस्कृत विश्वविद्यालयको शुभारम्भ पट्टिनै सर्वप्रकार प्रयत्न गरौं भन्ने निर्णय भएकाले विद्वद्गोष्ठीको आयोजन स्थापित गरी विद्वत्संमे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लनमा व्यक्त गरिएका मन्तव्यहरू र प्राप्त संमितिहरूका आधारमा यो सानु प्रतिवेदनको रूप तयार पारिएको छ।

प्रतिवेदन शब्दको उच्चारणका साथै स्वभावतः वेदनतिर ध्यान आकृष्ट हुन्छ। हुन पनि आशा अनुसारको प्रत्याशा, क्रियाको अनुरूप प्रतिक्रिया, उत्तर सुहाउँदो प्रत्युत्तर, बिम्ब-मिलदो प्रतिबिम्ब झैं वेदनबमोजिमको प्रतिवेदनमा नैसर्गिक जिज्ञासा हुन्छ। वेदन जुन विषयलाई लक्ष राखी आउंछ प्रतिवेदन पनि त्यसै विषयलाई ध्यानमा राखेर प्रस्तुत गरिएन भने सो प्रतिवेदन 'आम्रान्पृष्ठः कोविदारानाचष्टे' न्यायको विषय भई उपहासास्पद हुन्छ। अतः कुनै प्रति-वेदन प्रस्तुत गर्दा वेदनसम्बद्ध विषयहरूको विश्लेषण गरी निर्धारण गर्नु अत्यावश्यक हुन्छ। प्रकृत प्रतिवेदन राष्ट्रनायकसमक्ष प्रस्तुत गरिने हुंदा राष्ट्र नायकबाट विद्वत्संमेलनलाई के के वेदन गराईबक्सियो, वेदनका लक्षीभूत विषयहरू के के थिए, ती विषयमा यहां केही चिन्तन गर्नु अप्रासङ्गिक हुने छैन।

सर्वप्रथम विद्वत्संमेलनका आयोजकहरूको प्रार्थना स्वीकृत गरीबक्सी विभिन्न महत्त्वपूर्ण कार्यमा लगाइने बहुमूल्य समय बक्सिएर राष्ट्रनायकबाट यस विद्वत्संमेलनको समुद्घाटन भएको छ। त्यस्तै विद्वद्वर्ग र सन्त-समुदायको याता-यातको निमित्त विशेष व्यवस्थाको साथ साही विमानसेवाको सुविधा बक्सिएको छ। यसबाट विद्वत्संमेलनको उद्देश्य हजारौं काम छोडेर पनि साधनीय हो नितान्त अपेक्षित हो र अत्यावश्यक पनि हो भन्ने कुराको वेदन राष्ट्रनायकबाट स्पष्ट गराइबक्सेको पाइन्छ। त्यसै गरी राष्ट्रनायकबाट बक्सेको सारगर्भित समुद्घाटन-भाषणद्वारा पनि महत्त्वपूर्ण धेरै कुरामा विस्मयकारी वेदनहरू प्राप्त भएका छन्। यस समुद्घाटन-भाषणका एक एक पदले तल-स्पर्शी उत्कृष्ट भावनाहरूको सर्जनका साथ चिरप्रसुप्त आर्यसन्ततिको हृदयलाई कार्योन्मुख गराउन घचघच्याएको छ। वास्तवमा भन्ने हो भने एक हिन्दू-सम्राट्बाट आफ्नो संस्कृति र त्यसको आधार-भूत संस्कृतवाङ्मयका प्रति उच्चकोटीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धा वा आस्था व्यक्त गर्न यी भन्दा उपयुक्त पदावली पाइंदैनन् भने पनि हुन्छ।

ज्ञान-विज्ञानको समन्वयपूर्वक अध्ययन-अध्यापन-अनुसन्धानको क्रम चालू गरी आधुनिक सामाजिक जनजीवनमा भिजेरनै आर्यसंस्कृतिको गौरवको र संस्कृतवाङ्मयको प्रौढिको संरक्षणमा समर्थ, चरित्रवान्, अनुशासित र राष्ट्रियताप्रेमी स्नातकहरू तयार गर्न सक्ने संस्कृतविश्वविद्यालय हुनुपर्छ भन्ने राष्ट्रनायकको सदिच्छा सारांशमा यस सम्बोधनभाषणद्वारा अभिव्यक्त भएको पाइन्छ।

ज्ञानविज्ञान-समन्वय

ज्ञान र विज्ञानलाई फरक गराउने एकमात्र 'वि' शब्द छ। 'विशिष्टं ज्ञानं विज्ञानम्' यस व्युत्पत्तिबाट 'वि' शब्दको विशिष्ट भन्ने अर्थ बुझिन्छ। ज्ञान स्वभावतः निराकार हुन्छ, निराकार ज्ञानलाई कार्यरूपमा परिणत गरेर साकार बनाउनुनै 'विशिष्टता' हो। यही आशयले आचार्य उदयनको उक्ति छ-अर्थेनैव विशेषे हि निराकारतया धियाम्—एतावता यही सिद्ध हुन्छ कि कार्यरूपमा परिणत गरिएको ज्ञाननै विज्ञान हो। ज्ञान कार्यरूपमा परिणत गरिएन भने भाररूप हुन्छ। 'ज्ञानं भारः क्रियां विना'। ज्ञानलाई कार्यरूपमा परिणत गर्न सक्ने पुरुषनै विद्वान् हो। 'यस्तु क्रियावान् पुरुषः स विद्वान्'। निराकार ज्ञानलाई कार्यरूपमा साकार बनाउनुनै ज्ञानविज्ञानको समन्वय गर्नु हो।

आर्यहरूका समस्त शिक्षा ज्ञानविज्ञानको समन्वयात्मक पद्धतिबाटै चलाइन्थे। यसैले आचार्य द्रोणको यो हाँक थियो—अग्रतश्चतुरो वेदान्पृष्ठतः सशरं धनुः। इदं ब्राह्ममिदं क्षात्रं शापादपि शरादपि। प्राच्यविज्ञान दिव्यदृष्टि-सम्पन्न दयामय महर्षिहरूका तपःपरिपूत मस्तिष्कमा आविर्भूत भएकोले र अनेकौं कल्पसम्म प्रयोगमा ल्याई परिशुद्ध पारिएकोले तलस्पर्शी छ, परिपक्व छ र पूर्ण छ। आधुनिक विज्ञान भने अझै आभ्यासावस्थामा रहेको हुनाले पूर्ण हुन सकेको छैन, अधूरोनै छ। १० वर्ष अघि एक सिद्धान्त स्थिर गरी प्रयोगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याइएको आधुनिक विज्ञान गुण-दोषको कसीमा ठीक उत्रन नसकी आज अर्कै सिद्धान्तमा ढालिदै गएको कुरा छिपेको छैन। प्राच्यविज्ञान अर्वाचीन केही समयदेखि छिट-फुट प्रयोगमा आएको भए पनि पूर्ण रूपमा व्यवहृत नभएकोले अस्त-व्यस्त र सङ्कीर्ण-प्रकीर्ण अवस्थामा अवश्य छ।

आज आफ्नो पद्धति प्रयोगमा न ल्याइएकोलेनै अंग्रेजी न पढी डाक्टर वा इञ्जिनीयर बन्न सकिदैन भन्ने भ्रमले हामीमा जरो हाल्न खोजेको छ। यसका निमित्त हामीले विश्वका पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु बनेका, अंग्रेजी नपढेकै इर्ञ्जीनीयरहरूले बनाएका हाम्रा प्राचीन मठ-मन्दिरहरूमा आँखा लगाउनु परेको छ। आफ्नो परिशुद्ध र परिपूर्ण पद्धतिको अनुसन्धान र परिशीलन गरी व्यवहार गर्नु छ। अपेक्षित र आवश्यक अंशमात्र आधुनिक विज्ञानबाट लिई समय-साधन-शक्तिको राष्ट्रिय अपव्यय रोक्न आफ्नो भाषामा उल्था गरी प्रयोगमा ल्याउनु छ। अन्यथा ज्ञानविज्ञानको समन्वय गर्न खोज्दा आधुनिक विज्ञानको चहल-पहलमा रगमगिएर आफ्नु अस्तित्व समेत गुमाई 'वृद्धिमिच्छतो मूलमपि नष्टम्' उपहासको पात्र बन्न गइने छ। अतः प्रस्तावित संस्कृतविश्वविद्यालयले यस विषयमा पूरा विचार गरी पाइला चालनु पर्ने देखिन्छ।

आज हाम्रोयहाँ चलिरहेको आधुनिक शिक्षापद्धति छिमेकी भारतमा बिट्रेनले राजनीतिक विजय गरिसके पछि धार्मिक र सांस्कृतिक विजय गर्ने दुरभिसन्धिबाट तयार गराई सन् १८३५ देखि चलाइएको हो। यसमा धार्मिक र सांस्कृतिक विद्रोह मचाउने विष पूर्णमात्रामा मिलाइएको छ। यसै कारणले आज संस्कृत र अंग्रेजी पढ्ने एकै घरका दुई भाईहरूमा पनि मेल हुन सकेको छैन। एउटाले धत्! नास्तिक लफङ्गा! भन्छ भने अर्को चाहिं धत्! रूढिवादी कूपमण्डूक! भन्न थालिहाल्छ। एउटै घरमा वसी एउटै थालमा खाई कांधमा कांध मिलाई काम गरी प्रगति गर्नुपर्ने वेलामा दुई भाईमा यो फाटो परी ठूलो राष्ट्रिय क्षति भइरहेको कुरा लुकेको छैन। अतः संस्कृतशिक्षामा आधुनिक सामाजिक जनजीवनोपयोगी केही आवश्यक विषयहारूको समावेश गर्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंग्रेजी शिक्षामा आरम्भैदेखि संस्कृत अनिवार्य गराई प्रत्येक एम० ए० परीक्षामा सुयोग्य विद्वानद्वारा मनु वा याज्ञवल्क्यका ग्रन्थहरू अनिवार्य रूपले विधिपूर्वक पढाइने व्यवस्था गरेर धार्मिक-सांस्कृतिक चेतना जागरूक राखी संस्कृत र अंग्रेजी पढने दुई भाईका बीचको खाल्टो पुरेर यी दुईभाईलाई एकै ठाउँमा राखी काम गर्नुपर्छ। अनिमात्र ज्ञानविज्ञान-समन्वयको निमित्त बलियो पृष्ठभूमि तयार हुने छ।

संस्कृत विश्वविद्यालयको आवश्यकता

संविधानबाटनै आफुलाई आर्यसंस्कृतिको अनुयायी हिन्दूधर्मावलम्बी हिन्दूराष्ट्र घोषित गरी गौरव अनुभव गर्ने नेपाल जस्तो देशबाट आजको हिन्दू-जगत्ले हिन्दूत्वको पूर्ण संरक्षण र सम्वर्धनको आशा राखेको छ। आफ्नो सांस्कृतिक परम्परालाई बिर्सेर कुनै राष्ट्र वा जाति जीवित रहन सक्दैन। अत्यन्त वेगसित भौतिक प्रवाहमा बग्न लागेको आजको जनमनलाई समृद्धि-शाली अतीतको गौरवमय ज्ञानराशि एवं "वसुधैव कुटुम्बकम्" "स्वदेशो भुवनत्रयम्" जस्ता उदात्त भावनाको बोध गराई "तेन व्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम्" "कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः" भन्ने आध्यात्मिक सिद्धान्त तर्फ प्रवृत्त गराएर हिन्दूपरम्परा र संस्कृतिको संरक्षण गर्न संस्कृतविश्वविद्यालय परिचालन सिवाय अरु साधन देखिन्न।

युग र परिस्थितिको माँग बुझी राष्ट्रको अनुकूल चरित्रनिर्माण गर्न गराउन प्रवृत्त राजवंशले प्रत्यक्षरूपले धार्मिक वा सांस्कृतिक नेतृत्व दिएको कुरा इतिहासबाट छिपेको छैन। राजा जनककै आश्रयमा राज्यविज्ञान र विदेह ज्ञानको समन्वय भएको थियो। हाम्रै नेपाल आमाका वरद पुत्र (बौद्ध) सिद्धार्थले धार्मिक वा सांस्कृतिक नेतृत्व न दिएको भए बुद्धधर्म संसारमा अमर हुने थिएन, पाली साहित्यले राज्याश्रय नपाएको भए पालीले अन्ताराष्ट्रिय ख्याति पाउन सक्ने थिएन। राजा महावीरको नेतृत्वमा जैनधर्म र सम्राट्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशोकको बौद्धधर्म एवं बौद्धसंस्कृतिले राजप्रश्रय न पाएको भए फस्टन र हुर्कन सक्ने थिएन। तसर्थ विभिन्न राजनीतिक वादलाई अंगालेका वर्तमान विश्वको बिचमा आफ्नै जलवायु र माटो सुहाउंदो आफ्नै सांस्कृतिक परम्परा अनुरूप राजतन्त्रात्मक पञ्चायत पद्धतिलाई हाम्रो देशले अंगालेको सुअवसरमा हाम्रो देशले संस्कृतशिक्षालाई राज्याश्रय दिनु युक्तिसंगत देखिन्छ। संस्कृतलाई बिर्सेर संस्कृतिको संरक्षण हुन न सक्ने कुरा निर्विकल्प छ।

संस्कृतशिक्षा अपेक्षित भए पनि नेपाली-हिन्दी आदिको सञ्चालन गरे झैं संस्कृतशिक्षा पनि अन्य विद्यालयलेनै सञ्चालन गर्न सक्छ भन्ने केही तर्क उठ्न सक्छन्, तर संस्कृतभाषा नेपाली-हिन्दी आदि भाषा जस्तो केही पुस्तकहरूमा सीमित रहेको भाषा होइन। आजको लुप्तप्रायः अवस्थामा पनि यसका प्रकाशित र अप्रकाशित ग्रन्थहरू लाखौंको संख्यामा छन्। ती सबै ग्रन्थ रत्नहरू अरु कुनै भाषाबाट अनूदित न भई मौलिक छन्। यी वेद (ऋक्, यजु, साम, अथर्व) उपवेद (आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद, स्थापत्य) शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्यौतिष, स्मृति, सूत्र, आगम, तन्त्र, उपनिषद्, इतिहास, पुराण, न्याय, वैशेषिक, साङ्ख्य, योग, वेदान्त, मीमांसा, चम्पू, काव्य, नाटक, आख्यान, आख्यायिका, प्रहसन, भाण, चतुःषष्टिकला, कृषि, पशुपाल, वाणिज्य, अर्थशास्त्र, कामशास्त्र आदि असङ्ख्य विषयमा विभाजित छन्। यस अगाध वाङ्मयको शिक्षण संपादन परीक्षण संवर्धन अनुसन्धान अनुवाद आदि कार्य गर्न एक स्वतन्त्र संस्कृत विश्वविद्यालय अनिवार्य छ।

अर्को विचारणीय कुरा यो छ कि उपर्युक्त विषयका सम्यक् ज्ञाता विद्वान्-हरूको संख्या दिनदिनै घट्तै छ। अद्यावधि जीवित विद्वद्वर्गमा निगूढ सो ज्ञान-विज्ञान राशिलाई शीघ्रनै अर्को पिढीमा न सारी सक्ने हो भने पछि ती विषयका सामान्यज्ञाता पनि उपलब्ध न भई ती सबै ग्रन्थरत्नहरू नदीहरूमा प्रवाहित गर्नुपर्ने स्थिति आउने छ। पूर्वजहरूका अनवरत प्रयासले अपरिमित समयमा समुपार्जित ज्ञान लोप भएर जाने छ। अतः उपर्युक्त कारणहरूबाट नेपालमा विशेषप्रकारले संस्कृतको शिक्षा दिने एक आफ्नै मातृसंस्थान विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतीव आवश्यक छ। एक साधारण विषयका लागि पनि छुट्टै विश्वविद्यालय खोलिन्छन् भने अनन्त ज्ञानराशिको पुञ्जीभूत संस्कृत-वाङ्मयलाई लोकोपयोगी र कल्याणकारी बनाउन संस्कृतविश्वविद्यालयको आवश्यकतामा सन्देह प्रकट गर्नु नितान्त दुःखदायी विषय हुन जानेछ। आज देशले अत्यन्त खाँचोको रूपमा अनुभव गरिएका निम्नाङ्कित आवश्यकताहरूको पूर्ति गर्न समयले संस्कृतविश्वविद्याल्यको आह्वान गरिरहेको छ।

१—राष्ट्रियता र राष्ट्रिय आकाङ्क्षाहरूको पूर्ति एवं रक्षणको लागि।

२—हाम्रो मौलिक संस्कृति, धर्म, नीति, रीति र परम्पराहरूको संरक्षण र संवर्धनको लागि।

३—वैदिक आध्यात्मिक ज्ञान-विज्ञानको परिशीलन र प्रयोगको लागि।

४—प्राचीन र अर्वाचीन ज्ञानविज्ञानको तुलनात्मक अध्ययनबाट लाभान्वित हुनको लागि।

५—राष्ट्रिय कलाको विकासको लागि।

६—राष्ट्रिय चरित्र निर्माणको लागि।

७—अन्ताराष्ट्रिय सद्व्यवहार शान्ति मैत्री र बन्धुत्वको विकासका लागि।

८—हिन्दूजगत्मा धार्मिक र सांस्कृतिक एकताको सूत्र दृढ बनाउनको लागि।

९—राजमुकुट प्रतिको आस्थालाई अक्षुण्ण राख्नाको लागि।

संभावना

उपर्युक्त कारणहरूबाट संस्कृतविश्वविद्याल्यको आवश्यकता देखिए पनि नेपालमा संस्कृतविश्वविद्यालय चलाउनु उचित छ छैन ? भनी विचार गर्दा विश्वको एकमात्र हिन्दुराष्ट्र नेपालमा अर्को संस्कृतविश्वविद्यालय न भएको हुनाले र यहाँ अनेक महाविद्यालय प्रधानपाठशाला माध्यमिक-पाठशाला र प्राथमिक-पाठशाला चलिरहेका हुनाले तिनको सञ्चालनका लागि पनि एक सं० वि० वि० को स्थापना गर्नु पर्ने औचित्यमा कुनै सन्देह छैन। विद्यार्थीहरूलाई विनीत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुशील, सदाचारी, प्रबुद्ध र कर्मठ बनाउनु शिक्षाको सामान्य लक्ष हो, यस्को पूर्ति प्रचलित शिक्षापद्धतिबाट न पाईं समाजले आफ्नो मूल बाटोनै बिर्सने हो कि भन्ने शङ्काले राष्ट्रका कर्णधारहरू अतीव चिन्तित छन्। तसर्थ यी दोषहरूबाट समाजलाई बचाई उसलाई अनुशासित र संयमी बनाउने शिक्षा संस्कृत विश्वविद्यालयले चलाउन सकेमा विद्यार्थीहरूलाई उनका अभिभावकहरूले संस्कृतशिक्षानै दिलाउने छन् र सुस्त-सुस्त यहां विद्यार्थीहरूको संख्या बढ्दै जानेछ। परम्परादेखिनै आफ्नो घरलाई गुरुकुल मानी संस्कृतशिक्षा ग्रहण गर्नें लाखौं परिवारका विद्यार्थीहरू हाम्रो विश्वविद्यालयका पूरक अङ्ग बन्न जानेछन्।

हाम्रो शिक्षित समाजमा संस्कृतज्ञको संख्या पनि निकै ठूलो छ, जसले संस्कृत पढाउने अध्यापकको खाँचो टार्नेछ। हिन्दुराष्ट्रमा प्राचीन र नवीन ज्ञान र विज्ञानको समन्वय गरी संस्कृतशिक्षा दिने परिपाटी बसाएमा अन्ताराष्ट्रिय जगत्बाट समेत यहां विद्यार्थीहरू पढन आउने छन् जसबाट "एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः। स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः" भन्ने मनुको उक्ति चरितार्थ हुनेछ। हाम्रो समाजमा संस्कृत प्रतिको आस्था अझै लुप्त भएको छैन। यस सं० वि० वि० ले हिन्दू-संस्कृतिको अनुरूप उपयोगी शिक्षा चलाएमा देशविदेशका सहृदय व्यक्ति र संस्थाहरूबाट विभिन्न आवश्यक सहायता उपलब्ध हुनेछन्। सं० वि० वि० चलाउनलाई केहि निःस्पृह सेवामा उत्सुक व्यक्तिहरूको खाँचो पर्दछ। आस्तिक्य वा सेवाभावले सो काम विनावेतन गर्न तत्पर मानिसको खाँचो देशले अवश्य पनि टार्नेछ।

अनेक व्यावहारिक कारणवश जनतामहाविद्यालयको मुख्य सम्पत्ति देउखुरीको १२०० बाह्र सय बिगाहा भूमिबाट अपेक्षित आयस्ता गर्न सकिएको छैन तापनि त्यस्को सुस्त-सुस्त व्यवस्था हुँदैछ र सं० वि० वि० सम्बन्धी खर्च वहन गर्न यसबाट ठूलो सहायता मिल्नेछ।

सं० वि० वि० का भवन र छात्रावासहरू बनाउनलाई ज० म० वि० वि० का अधिकारमा रहेको भूमिले धेरै खाँचो टार्नेछ र नपुग भएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समीपमा धेरै भूमि प्राप्त गर्न सकिने छ। जनता महाविद्यालयका भवन र छात्रावासहरू सं० वि० वि० का प्रारम्भिक आधार बन्न सक्नेछन् र धेरै सहृदय व्यक्तिहरूबाट अरु भवनहरू बनाइने आश्वासन पनि प्राप्त भएको छ।

अवशिष्टे विज्ञानपाठनविषयेऽप्यस्माकं सिद्धान्त एष विद्यते यत्सर्वलोकमान्य आदर्शरूपो लोकोत्तरश्च वरीवर्ति । अयि महनीया महानुभावाः सुशिक्षिताश्चास्माकं श्रीमन्त एव विचारयन्तु ह्यत्र यदा पूर्वोक्तपद्धत्या प्रबुद्धाः तत्रत्या विद्यार्थिनः संभवन्ति तदैव ते पाठयितव्यास्तादृशै ऋषिकल्पैरेव गुरुभिर्मुरत्याकं सद्विषयकाणि संस्कृतग्रन्थरत्नानि यानि विद्यन्त एव महाशक्तिशालिभिनर्भनिर्माय परित्यक्तानि चोपयोगे महत्तमानि भूगोल-खगोल-निर्देशकानि-स्थापत्यवास्तुनिर्मितिपराणि विमानादिनिर्माणबोधकानि शस्त्रास्त्रादिनिर्मितावुपोयोगीनि चतुःषष्टिकलानुगतानि चापरिमितानि येषां विस्तरशो वर्णनं वर्तते दरीदृश्यते च वेदादौ रामायणमहाभारतादौ च यत्र तत्रर्षिप्रणीतग्रन्थरत्नादिषु कँषान्यूनता नामास्माकं सुसंस्कृतशिक्षापद्धतौ संस्कृतौ च यत्रत्यमादाय वस्तुजातं पाश्चात्त्या विद्वांसो भूत्वा सफला उपहसन्त्यस्मानेव निरन्तरम् धिक् कष्टम् । निर्विवादेऽपि विषये पृच्छचन्ते श्रीमद्भिः पुनः पुनस्तत्रत्यविद्वत्संमेलने कृपापूर्वकं संमिलिता महनीयचरणा महानुभावा विबुधकल्पा बुधाः तस्मात्सोऽयं विश्वविद्यालयो यदि स्थाप्यते चेत् आधुनिक्या भाषायाः पठनपाठनस्थानं भवितुं नार्हति कदाचिदपि । अस्मत्सदृशैर्धर्मप्राणैः स्वप्नेऽप्यतर्क्योऽयं विषयः । नास्ति किं त्रिभुवन-विश्वविद्यालयः ? यद्वा समाप्तं तत्रत्यं कार्यजातमाँग्लभाषादिपठनपाठन-स्वरूपमयम् ? तत्रैव पठन्तु ते तादृश विद्यार्थिनः पाठयन्तु च ते गुरवस्तादृशान् भाषान्तरादीन् । यद्यत्र तस्याः समावेशो भवति चेत् का वावश्यकतैवास्य संस्कृत-विश्वविद्यालयस्य किं वा तात्पर्यमस्योपक्रमस्य । पिष्टपेषणमेव न सञ्जायते खल्वेतदिति पृच्छामो वयमेव श्रीमतो महानुभावान् प्रस्तावितैतत्संस्कृतविश्वविद्यालया-योजकान् राजपुरुषविशिष्टांश्च मुखमुद्रणां कथंवाकुर्वन्ति श्रीमन्तोऽस्माकम् तस्मात् पूर्वोक्तपद्धतिमेवद्रढयति कथनरीतिरियमस्माकम् अलंबहुपल्लवितेन विरमाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तावदावश्यकीयेऽस्मिन् विषये मुहुर्मुहु समये समये च यथायोग्यसम्मतिप्रदानार्थम् क्षन्तव्याः कटु-सत्यं जल्पन्तो वयं महनीयचरित्रैरुदारैर्विद्वद्भिः।

श्रीमतां तत्र भवताम् :—

१७। ३५६ नं०
टङ्गाल गहिरीधारा
काठमाण्डू

कृष्णप्रसादशर्मा धिमिरे
भागवतः
२०२५ अक्षय-तृतीया
भौमदिवसान्तर्गता

न्यायाचार्यश्रीरुद्रधरझामहोदयस्य

सं. म. वि. का. हि. वि. वि.
वाराणसी
ता. १५–४–६८

श्रीः

महानुभावाः ?

नेपालराष्ट्रान्तर्गते दाङ्गग्रामे समायोजिते विद्वत्सन्मेलनसम्मेमारोहे सर्वथा सोत्साहैस्तत्र भवद्भिः सम्पादितेन सर्वमनोहरेण स्वागतातिथ्यादिना सर्वथा कृतार्था वयन्तदर्थं कोटिशो धन्यवादान् वितरामः।

यद्यप्यस्माभिस्तत्र प्रस्तावितसंस्कृतविश्वविद्यालयस्वरूपादिविषये निजभाषणेनैव स्वसम्मतिः प्रकटिता तथापि भवतामाग्रहेण लिखिताऽपि संक्षिप्तस्वसम्मतिस्तत्र विषये षेष्यते।

तथाहि--

१ सद स्वतन्त्र-हिन्दुराष्ट्र-नेपालान्तरगते दाङ्गनामके सर्वथा सुशान्ते स्थाने एव विश्वेषामादर्शः "महेन्द्र संस्कृत विश्वविद्यालयः" सञ्चालितो भवतु यतो गुरुकुलपरम्परानिर्वाहाय तदेव स्थानमुपयुक्ततमं प्रतिभाति यद्यपि सम्प्रति तत्र यातायातकाठिन्यन्नगरादिसामीप्याभावाच्च तादृशवि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालयार्थमुपयुक्ततायां केचन शङ्कन्ते तथापि तादृशविश्वविद्यालय-स्थापनोत्तरमचिरेणैव तदीयं तत्काठिन्यं तदसामीप्यञ्च निरस्ते भवेतामिति दृढो विश्वासः ।

२. एतद्विश्वविद्यालयीयैः प्रायः सर्वैरन्तेवासिभिः प्राध्यापकैश्च गुरुकुल इव विश्वविद्यालयान्तर्गतस्थान एव स्थातव्यम् ।

३. प्रकृतविश्वविद्यालयान्तर्गतभूमौ सर्वैर्यथासम्भवं देववाण्यैव व्यवहर्तव्यम् ।

४. एतद्विश्वविद्यालयीयपरीक्षाप्रणाल्या सर्वत्र प्रचलितायाः परीक्षाप्रणालीतो विलणयैवभाव्यमिति यदुपाध्यर्थं यावन्तो ग्रन्थाः पाठ्यास्तावता मध्ययने पूर्णोऽपठित-तादृशग्रन्थाध्यापनक्षमतैव तदुपाधिं प्रददातु ! अथवा यदा कदा अनधीततादृश-ग्रन्थाध्यापनक्षमता यं वृणोति, तमेव तदुपाधिरप्यलं करोतु ।

५. अत्र विश्वविद्यालये प्रतिपक्षं न्यूनातिन्यूने, एकस्मिन्नपि दिने समस्या-पूर्ति-निबन्ध-व्याख्यानाख्यान-विवेचनादिप्रमुखा शिक्षा आवश्यं-देया ।

६. प्रकृतविश्वविद्यालये लौकसंस्थितिहेतुभूता आन्विक्षिकी त्रयी वार्ता दण्डनीतिच शाश्वती इति चतस्रो विद्या एवाधारीकृत्य विषयाणां स्थापनेन विभाजनेन च भाव्यम्, परन्तु संप्रति तावन्त एव विषयाः सञ्चलन्तु, यावत्सु देववाण्यां विषेषाः समुपलभ्यन्ते । मन्ये यत्पञ्चवर्षाभ्यन्तर एव सर्वेऽप्याधुनिका अपि विषयाः संस्कृतेऽपि समुपलब्धुं शक्येरन् तदर्थं विशेषतः प्रणतमानैः ।

७. एतद्विश्वविद्यालयीयाः सर्वे छात्राः पदानि पदार्थश्चि निपुणं जानन्तु इत्येतदर्थं सर्वेषां विनेयानां कृते मध्यकौमुद्याः न्यायसिद्धान्तमुक्तावल्याश्च ज्ञानेनानिवार्येण भाव्यम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीवेदानन्दझामहोदयानाम् ।

ऋषिकुलविद्यापीठब्रह्मचर्याश्रमः, हरिद्वारम्,

श्रीमन्तः

सुरभारतीसंरक्षणपरायणा विचक्षणाः संयोजकमहोदयाः

संस्कृतविद्वत्सम्मेलनस्य

महनीयमहाशयाः

तत्र भवद्भिरायोजिते महाराजाधिराजश्री ५ नेपालसर्वकारेण सनाथीकृते गुणिगणालङ्कृते दिग्विदिगागतविद्वदुदञ्चिते बृहत्संस्कृतविद्वत्सम्मेलने समुपस्थातुं लब्धावसरेण प्रमोदनिर्भरेण नूनमात्मा कृतार्थीकृतः ।

अवश्यमासीत् स विलक्षण एव शुभप्रप्रक्रमः प्रसंसनीयः । अभूदमन्द आमोदो वचसामविषयः । सुरगीर्जुषां विदुषां विमर्शप्रसङ्गादासीदुल्लासप्रकर्षः । अतिथिनिकरसत्कृतिकृत्यजातेऽहर्निशमनलसं व्यापृतानञ्चलाधीशमहाशयान् निदेशकमहोदयान् प्राचार्यानाचार्यांश्छात्रान्नागरिकांश्चालक्ष्य कस्य न सचेतसश्चेतसि श्रद्धा पदमाधत्ते स्म ।

अविस्मरणीयः किल विद्वत्सम्मेलनसमारोहसमारम्भो नूनं विस्रम्भमुपपादयत् संस्कृतविश्वविद्यालयस्यापनासंकल्पमूर्तिमत्तायै । भव्यभूधरमण्डलकुण्डले कमनीयकाननकुन्तलेनुरणन्निर्झरिणीधौतगण्डस्थले शस्यश्यामले प्रकाण्डपण्डितमण्डलसमेधमानमानपरिमले वेदवेदाङ्गस्वाध्यायपटुमुलभवहुवटुकुले प्रशान्तान्तस्तले रावतीप्राञ्चले दाङमण्डले संस्कृतविश्वविद्यालयस्य स्थापनावश्यकता सफलसञ्चालनपरिवृढता च केन नानुभूता नानुमोदिता च ।

संस्कृतविश्वविद्यालयस्याकारप्रकारे तु नैकविधाः सम्मतयः प्रस्तुताः परिलक्षिताः । तत्र केचन प्रौढपाण्डित्यसंरक्षणार्थं विशुद्धप्राचीनशिक्षापक्षपातिनः केचन विज्ञानयुगानुरूपावश्यकतापूर्त्यर्थं च तथा विधाशिक्षापक्षपातिनो दृष्टाः ।

अत्र विषये वक्तव्यमिदं यद् विश्वविद्यालयेन पाठ्यपद्धतिस्तथा चयनीया ययोभयोः समन्वयो यथोचितं संविशेत् । छात्रा यथेच्छं यथाशक्ति तथा विषमेव विषयं चेतुं प्रभवेयुः येस्मिन् किल ते प्रकृतया शक्ताः । प्रधानविषया विकल्पतया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा स्थापनीया येन जिघृक्षितविषयप्रौढ़वैदुष्यं यथारुचि समासादितं भवेत् दुर्जेनच समापतेदनावश्यकविषयभारः रुचिबहिर्भूतो भवति विषयोऽज्ञेयः। अतो यथारुचि तत्तद्विषयं ग्रीहीतुं शक्नुयुश्छात्रास्तथा विषयनिवेशो विधेयः। न हि सर्वः सर्वं जानातीत्युक्तिदिशा न हि सर्वः सर्वविषयज्ञ एकदैव सम्पादयितुं शक्यः। अतो विषयविनिवेश एतादृशो विधेयो येन छात्रोऽनावश्यकबहुविषयभारवहन-क्षीणबलो न भवेत् न च भवेदावश्यकमिषय परिज्ञानविकल.। एतद्दृष्ट्या पाठ्य-पद्धतौ प्रदीयते काचन विचारणीया सम्मति :—

१—अनिवार्यविषय :—

सं. व्याकर ास. साहित्य-राष्ट्रभाषा-क्षेत्रीयभाषाणां परिज्ञानार्थं वाराणसेय-सं.विश्वविद्यालयवत्द् दरभङ्गा सं विश्वविद्यालययवद्वा प्रश्नपत्राणां विस्तारं विधाय अनिवार्य विषयः स्थापनीयः।

२—प्रधानविषयः

वेद-व्याकरण-न्याय-ज्यौतिषादिशास्त्रवत् अर्थशास्त्रराजशास्त्र-इतिहास-भूगोल-गणित-विज्ञानादय आधुनिका विषया अपि 'क' वर्गे प्रधानविकल्पविषयाः स्थापनीया 'ख'वर्गविषयभारो न स्थापनीयः। आधुनिकविषय ग्रन्थानां संस्कृते प्रकाशनव्यवस्थाप्रयासोऽपि विधेयः। छात्राः प्राचीनेषु शास्त्रेषु नवीनेषु वा तेषु तेषु विषयेषु योग्याः स्नातकाः सम्पादनीयाः।

३—अतिरिक्तविषयः—

अङ्ग्रेजो, फ्रेंच, जर्मन, इत्यादि विदेशभाषासु काचन भाषाः। तत्रोत्तीर्णतां बिनाप्युत्तीर्णता घोषणीया।

एवं च प्राचीनेषु नवीनेष्वन्यतमो विषयो ग्रहीतव्यो भवेत्। उपाधिदानं च तस्मिन्नेव विषये भवेत्। अतिरिक्तविषयभारो यथेच्छं भवेत्। 'ख' वर्गो न स्थापनीय :।

मन्ये एवं सति प्रौढ़पण्डित्यप्रणयिनां ग्रन्थपाण्डित्यं रक्षितं भवेत्, आधुनिक-विषयवैदुष्यसमीहावतां च तादृशविषयचयनेन तथाविधविषयवैदुष्यमासादितं भवेत्।

सर्वेषु विषयेषु योग्यस्नातकसम्पादनाय विश्वविद्यालयेनैतदर्थमपि समरक्षपातया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धिया प्रयतनीयं भवेत् यत् समे स्नातकाः पदेषु नियुक्ताः समसुविधाभाजः स्युः । समेषामेषां सम्पूर्त्यै विजौरीदाङ्जनतामहाविद्यालयो भवतु अचिरमेव च क्रियान्वयेन मूर्तरूपं दधातु सुरभातीं च समुन्नयत्विति समुद्भूतभव्यभावोदयेन हृदयेन कामयते–

भवदीयः––
वेदानन्द झाः
१-५-६८
प्रधानाचार्य
ऋषिकुल विद्यापीठ ब्रह्मचर्याश्रमस्य
हरिद्वार (सहारनपुर)

८. अत्र विश्वविद्यालये यथासम्भवं सर्वापि शिक्षा संस्कृतमाध्यमेनैव प्रचलतु ।

९. प्रकृतविश्वविद्यालये सुयोग्यताः सुचरित्राणि चैवाधारीकृत्य प्राध्यापका नियोज्याः न तूपाधीन् दुराग्रहान् वा ।

१०. एतद्विश्वविद्यालयोपकुलपतिपदं पूर्णसंस्कृतज्ञेन निष्पक्षेण च महापुरुषेणैव शोभनीयम् ।

११. प्रकृतविश्वविद्यालयीयव्यवस्थापिकायां समितौ पूर्णयोग्यैर्मनुष्यैरेव भाव्यम्, न तु मानवाकारमात्रैः ॥

भवदीय :––
श्री रुद्रधरझाः

सभापतिमहोदय तथा सभ्यगण

संस्कृत भाषा भारतीय संस्कृति की वाहिका है। यहाँ के मनीषीगण जहाँ भिन्न-भिन्न उपनिवेशों में गये, वहाँ वे अपने साथ अपनी संस्कृति को भी लेते गये। उन देशों के लोगों के बीच भारतीय संस्कृति का उन्होंने विपुल प्रचार किया तथा उन्हें सभ्य सुसंस्कृत तथा सदाचारी बनाया। ऐसे ही एक विज्ञ प्रचारक थे वैदिक संस्कृति के जिनका नाम 'अगस्त्य' काशी का अगस्त्य कुण्ड इन्हीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के नाम पर इस नाम से विख्यात है। इन्होंने उत्तर भारत से इसी उद्देश्य से दक्षिण भारत की यात्रा की। तमिल भाषाके वे आदिगुरु हैं। उनका मूल ग्रंथ अगत्तियम् आज उपलब्ध नहीं हैं, परन्तु तोलकप्पियम् इसी के आधार पर निर्मित उपलब्ध है। 'तोल का अर्थ है प्राचीन। कप्पियं तो स्पस्टतः काव्यम् है। फलतः इस ग्रन्थ का संस्कृत नाम हुआ - प्राचीनकाव्यम्। इस सर्वप्राचीन मौलिक तमिल ग्रन्थ के उपर संस्कृत की प्रभूत छाया है। इसे आस्वीकार नहीं किया जा सकता। पूर्वी द्वीपों में भी अगस्त्यने इस संस्कृति का प्रचार किया उनमें जाने के लिए समुद्र कथमपि अवरोधक तथा प्रतिबन्धक सिद्ध नही हो सका। अगस्त्यद्वारा समुद्रपान को प्रतीकरूप मानना चाहिए। इस प्रकार संस्कृत भाषाका आश्रय लेकर हो इन पथिकृत मनीषियों ने विश्वभर में संस्कृति का प्रचार। किया इसका प्रभाव आज भी जाग्रत है। संस्कृत भाषा निःसन्देह संस्कृति का समर्थ बाहन है।

संस्कृतसाहित्य का द्विविध रूप हैं। एक तो है आध्यात्मिक रूप जो अध्यात्म शास्त्र का विवरण प्रस्तुत करता है। दूसरा है व्यावहारिकरूप जो बोको पयोगी विद्याओं का वर्णन करता है । आज संस्कृत के व्यावहारोपयोगी न होनेके कारण यही कारण है कि हमने उसके व्यावहारिक अंश को प्रायः विस्मृत कर दिया है। प्राचीन ऋषियों ने मानव के कल्याणार्थ सस्कुत भाषाके द्वारा उपयोगी विद्याओं का विवरण हमारे लिंए उपस्थित किया है। काम शास्त्रकेवल रतिशास्त्र का वर्णन, नहीं करता प्रत्युत गृहस्थों के लिए आवश्यक शिक्षाओं को देता है। एकचारिणीचर्या के भीतर भारतीय नारीके कर्तव्यों का अभिराम वर्णन प्रतिपादित है। वराहमिहिर की वृहत्संहिता ऐसी लौकिक विद्याओं का एक विशाल विश्वकोश ही हैं। पुराणों में वर्णित भुवनविन्यास अर्थात् भूगोल उपेक्षणीय नहीं है। पंचलक्षण समन्वित पुराण ही वास्तवमें हमारा सच्चा चिरन्तन इतिहास है। आवश्यकता इस बात की हैं कि उसे नव्य दृष्टिसे देखा जाय तथा अनुशीलन किया जाय। मेरी दृष्टि में नेपाल में प्रस्तावित संस्कृतविश्वविद्यालय में इन विशेषताओं पर लक्ष्य रखना नितान्त आवश्यक हैं: —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. परीक्षाके ऊपर ही अधिक जोर न देना चाहिए । ग्रन्थकी उपस्थिति तथा व्युत्पत्ति वाञ्छनीय है, उत्तीर्णता ही केवल नहीं ।

२. दो प्रकारका पाठ्यक्रम होना चाहिये । प्रथम का उद्देश्य संस्कृत का विपुल प्रचार प्रसार होना चाहिये । इसके लिए सरल पाठ्यग्रन्थ होना चाहिये । द्वितीय का उद्देश्य प्रौढ पाण्डित्यका उत्पादन है । इसके लिए कठिन शास्त्रीय ग्रन्थों का अध्ययन उचित होगा । यह सुयोग्य छात्रों के लिए होगा । इनके लिए शास्त्रार्थकी पद्धति भी वाञ्छनीय है प्रथम प्रकार के लिये नहीं ।

३. संस्कृत के व्यावहारिक शास्त्रों का समन्वय आधुनिक विषयों के साथ अवश्यमेव करना चाहिये । आधुनिक भूगोल के साथ पौराणिक भूगोल को, इतिहास के साथ पुराणों को निश्चित रूपसे पाठ्यग्रन्थों में रखना चाहिये । तभी संस्कृताध्यापन की एकाङ्गिता दूर हो सकेगी तथा हमारा वास्तविक कल्याण सम्पन्न होगा ।

बलदेव उपाध्याय
(अनुसन्धानविभागाध्यक्ष, वा. सं. वि. वि.)
२६ । ५ । ६९

त्रिभुवनविश्वविद्यालयप्राध्यापकश्रीराधाकृष्णाधिकारिणः

विश्वविद्यालयको आवश्यकता

आजको विश्वमा सवै मानिसले अवगत गरेकै हुनु पर्छ कि ज्ञान-विज्ञान रूप दुई पाग्र नभै संसाररूप रथ चल्न सक्तैन । अतः दुवै पक्षको पूर्ण रूपले विकास हुनुपर्दछ । सुखसाधन भौतिक सामग्री जुटाउनलाई त्यति महत्त्व दिन सकिन्न । किन कि 'काकोऽपि तिष्ठति चिराय बलिं च भुङ्क्ते' भन्ने उक्ति अनुसार येन केन यावत् प्राणीले जठराग्निशमन गरेकै छ । अव वर्तमान अवस्थामा त मानवलाई केचाहि एको छ भने अशन-वसन शान्तिपूर्वक होस् र पछि पनि शान्तिलाभनै होस् । यो कुरा अन्धो संसारलाई आँखा खुलाएर देखाउन परेको छ। त्यस्का निमित्त एक मात्र साधन अध्यात्मशास्त्र छ । त्यस्को उच्चस्तरीय अध्ययन, अध्यापन, अन्वेषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु पर्छ। त्यो कुरा वर्तमान प्रणाली अनुसार विश्वविद्यालय न भै हुन सक्तैन। त्यसैले एक-मात्र हिन्दूराष्ट्र नेपालमा वर्तमान शिक्षापद्धतिलाई विकाश गर्न हैन, अपितु अध्यातमतत्वको विकाश गर्न संस्कृत-विश्वविद्यालय खोलिनु नितान्त आवश्यक छ।

विश्वविद्यालय कहाँ रहनुपर्छ, विश्वविद्यालयको प्रशासन कस्तो रूपमा हुनुपर्छ, अधिकारी कति र कस्ता हुनुपर्छ, तिनिहरूको प्रबन्ध कस्तो हुनुपर्छ, विश्व-विद्यालयका निमित्त कति मात्रामा सम्पतिको आवश्यकता रहन्छ, त्यहाँबाट उत्तितीर्षु र उत्तीर्णका निमित्त के कस्तो प्रबन्ध हुनु पर्दछ, भन्ने आदि बहिरङ्ग विषय समयमा व्यक्त गरिनेछ। तर ऐले त्यस विषयलाई न छोई अन्तरङ्ग विषय-लाई नै विचारमा उपस्थित भएका केही शब्दले शब्दित गरिन्छ।

वर्तमान शिक्षाप्रणालीले खूब्रो दिनको वजाय धोखा दिएर मानवलाई खाडल तर्फ धकेली रहेको छ। सर्वप्रथम यो प्रणालीलाई भस्मावशेष गराई नवीन प्रणालीको सृजना गर्नु पर्दछ। नवीनप्रणाली त्यो हैन जो ग्रैले शिक्षा पद्धति ठीक भएन भनेर सोचिदै छ।

यो शिक्षाप्रणाली त्यस्तो हुनु पर्छ, जुन शिक्षाप्रणालीमा बोक्रे कुरालाई लिएर अथवा मानिसलाई रङ्गमङ्याउने शब्दाडम्बर मात्र लिएर वाद-विवाद लेहैरान गराउने शास्त्रसमूहलाई प्रधान्य न दिएर संस्कृतमा ऐहलौकिक र पारलौकिक सुख दिन समार्थ ग्रन्थरत्नहरूको अन्वेषण गरी छान-विन गरिनु पर्छ र तदनुकूल शिक्षापद्धति तलदेखि माथिसम्म विचार गरी निर्माण गर्नु पर्दछ। जस्तै धर्मशास्त्रले ऐहलौकिक व्यवहार-व्यवस्था शान्ति-पूर्वक निर्वाह गर्दै पारलौकिक आनन्द दिलाउन सक्छ। त्यस्तै तन्त्रशास्त्रले अभूतपूर्व चमत्कृति दिलाउद छ। यी दुवै शास्त्रले दिएको देनमा अदृष्टांश परोक्ष भएता पनि दृष्टांशमा धर्मशास्त्रको व्यवहार व्यवस्थाका साथ-साथ त्यस्को अनुष्ठानबाट उपलब्ध प्रयोजनहरू प्रत्यक्ष छन् र तन्त्र-शास्त्रबाट प्राप्त गरिएका विषयहरू इतिहासले बताउँ छ र वर्तमान अवस्थामा पनि गोठाला खेतालाले समेत परम्परा अनुसार अनायास कार्यसिद्ध गरीरहेकै छन्। यदि थाहा न पाउने कुनै मानिस भए त्यस्को अध्ययन गर्न गाउंतिर फर्केको खण्डमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हज्जारौं रुपीयाँ खर्च गरे पनि डाक्टर साहेबको सामर्थ्य ठोक्रीने रोगमा उस्ले सुलभ पदार्थको भरमा विजय प्राप्त गरी रहेको देखिन शक्तछ। धर्मशास्त्र र तन्त्रशास्त्रको मात्र उल्लेख भएकोले पाठक वर्गले यी दुई विषयलाई मात्र अपनाएको सम्झिइनेछैन,अपितु जस्तो हाम्रो शरीरमा प्रयोजन प्रतिपादनका निमित्त एक एक अङ्ग प्रत्यङ्गको आवश्यकता छ र प्रत्येक अङ्ग-प्रत्यङ्ग स्वस्थ भएमानै शरीर अधुरो रहन्न, त्यस्तै शास्त्रमा पनि प्रत्येक अङ्ग प्रत्यङ्ग आफ्नो आफ्नो व्यापार-प्रयोजन प्रतिपादनका निमित्त सामर्थ्य राख्दछन् र प्रत्येक अङ्गको विकाश भएमानै वेदशास्त्र रुप शरीर अधूरो रहन्न। विद्याका स्थान र धर्मका स्थान, पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, षडङ्ग र चतुर्वेद यी चौधोटा छन्। यिनै पुरुषार्थका साधन हुन्। भावी विश्वविद्यालयले यी शास्त्रहरूको सम्यक् अध्ययन अध्यापन गराई तथ्य-वस्तुको पत्ता लगाएर इष्ट सिद्ध गर्ने लक्ष्य लिनु पर्दछ।

हाम्रो संस्कृतविद्यामा अनन्तशक्ति-सपन्न आयुर्वेदको वर्तमान अवस्थामा व्यावहारिक दृष्टिकोणबाट सुप्तिप्रायः छ। जुन आयुर्वेदको विकाश भएमा हामी स्वस्थ वन्न शक्छौ र आध्यात्मिकचिन्तन गर्न समर्थ वन्छौ, त्यैनै शक्ति अलौकिक छ र त्यसैवाट विश्वसामु हामी सिरपेच वन्न सक्दछौ। विश्वलाई कल्याणमय मार्गको निर्देश गर्न शक्छौ। अन्तरतत्त्वका निमित्त पनि यो शास्त्र अनुपमेय छ। बाह्यतत्वका निमित्त त यों प्रत्यक्षनै छ। 'धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम्'। भन्ने वाक्यहरूले तीन पुरुषार्थ हासिल गर्न आयुर्वेद शास्त्र प्रत्यक्ष छ भन्ने कुरा स्पष्ट बताई रहेका छन्।

तर वास्तविक शान्ति छाउन र अलौकिक आनन्द दिन भावी विश्वविद्यालयले अन्तरतत्वको पत्ता लगाउन जारी राख्नु पर्छ। त्यै किसिमको शिक्षापद्धति अपनाउनु पर्दछ। जस्कों अभावले आज विश्व संत्रस्त छ।

यी सबै कुरा संस्कृतको उत्थान न गरी हुन नसक्ने र हाम्रो संस्कृतिको आधार पनि त्यैनै भएकोले आर्थिक धार्मिक राजनैतिक, सबै पक्षको पूर्ण रूपले विकाश गर्न संस्कृतकोनै अध्ययन अध्यापन, र अन्वेषण गर्नु पर्दछ। तर निम्नकोटीले हैन। ठूलो लक्ष्य थापी उच्चस्तरीय अध्ययनादि हुनुपर्दछ। त्यस पछि, प्रयोगावस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उतारी सफलता प्राप्त गर्नु पर्छ, । त्यस किसिमको ज्ञान प्राप्त गर्न वर्तमान क्रम-विभाजन अनुसार त्रिश्वविद्यालय नभइ हुन सक्तैन । अतः संस्कृतविश्वविद्यालय खोलिनु पर्छ भन्ने कुरा सहृदय हृदयीहरूमा आविर्भूत अवश्य भएकै हुनु पर्छ । आशालाई जगदीशले साकार गराउन् अलम् ।

राधाकृष्ण अधिकारी
प्राध्यापकः
त्रिभुवनविश्वविद्यालय

व्याकरणाचार्य श्रीछविलालपोखरेलस्य-

श्रीमन्तो माननीया अध्यक्षमहोदयाः
निदेशकमहोदयाः सचिवमहोदयाश्च
जनतामहाविद्यालय विजौरी दाङ्ग,

महाशयाः

भवतां पत्रलाभेन प्रमोदमाना वयमितरानुपहारानलभमानाः शतशो धन्यवादानेव समर्पयामः ।

तत्र विद्वत्सम्मेलनसमारोहे आतिथ्यप्रबन्धोऽतीव सुसम्बद्धः, सर्वाङ्गपरिपूर्णोऽपव्ययरहितश्चासीत् इति मेऽनुभवः ।

प्रस्तावितसंस्कृतविश्वविद्यालयः परीक्षाग्रह णार्थमेव तु नावश्यकः, तत्तु त्रिभुवनविश्वविद्यालययेनापि गतार्थमेव ।

राष्ट्रनायकैः श्री ५ महाराजाधिराजैरुद्घाटनसमारोहे उक्तमासीत् यत् तादृशो विश्वविद्यालयो भवत् यत्र प्राचीनशास्त्रपठनपरम्परादिपूर्वकं नवीनविषयज्ञानमपि प्रापयेत् । तदर्थं यदि नवीनविषयाः प्राचीनविषयाश्च स्थाप्यन्ते तर्ह्यपि काशीविश्वविद्यालय इव नवीनविद्याप्रधान एव स्यात् इति कथं संस्कृतभाषाप्रधानः संस्कृतविश्वविद्यालयः स्यात् ?

वाराणसेय-संस्कृत विश्वविद्यालयोपि अधुनापर्यन्तं नापेक्षितामुन्नतिं प्राप्तवान् इति प्रतीयते । एतत् सर्वं विचार्य आधुनिकविषयं पठितुमिच्छूनामपि साधारण-संस्कृत-भाषाज्ञानमावश्यकं भवतु विस्तृत-संस्कृतशास्त्रीयविषयज्ञानार्थं स्वल्पेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधारणविज्ञानसहितेन आधुनिकव्यावहारिकज्ञानेन सह विस्तृतरूपेण संस्कृत-शास्त्राध्ययनं विधेयमेव ।

एतदर्थं माध्यामिकविद्यालयादावपि संस्कृताध्यायिव्यतिरिक्तानामपि साधारण-संस्कृतभाषाध्ययनमावश्यकं प्रतीयते । एवमेव विज्ञानाध्येतृणामपि साधारण संस्कृतभाषाध्ययनमावश्यकं भवतु, येन संस्कृतशास्त्रेषु वैज्ञानिकविषयाः कति सन्ति इति ज्ञातुं शक्नुयुः ।

सार्वजनिकरूपेण सर्वेषां जनानां संस्काराधायको विश्वविद्यालयो भवति अतस्तत्र अध्ययनसमर्थाः सर्वा जातयः तत्र विश्वविद्यालये प्रवेशं प्राप्नुवन्तु ।

संस्कृतशास्त्राणि संस्कृतमाध्यमेन पाठनीयानि । आधुनिकशास्त्राणि तु कियत्-कालपर्यन्तं तत्तद्भाषामाध्यमेन नेपालीभाषामाध्यमेन वा पाठनीयानि ।

एवमपि संस्कृतशास्त्राणामन्यापेक्षया, प्रारम्भसमये पठने काठिन्यात् संस्कृत-शास्त्राध्येतृणां छात्राणामाकर्षणाय वृत्त्यादिप्रबन्धस्य अपेक्षा स्यादेव इति संक्षेपः ।

भवदीयः

२५-१-२८

छविलाल पोख्रेलः

प्राधानाचार्यः पिण्डेश्वर संस्कृत

महाविद्यालयः (धरान)

निर्माणाधीन संस्कृतविश्वविद्यलय किन ? कस्तो ? र कहाँ ?

प्रतिवेदनसमितिलाई सुझाव,

प्रेषकः—

आचार्य विष्णुराजशर्मा आत्रेय,

प्राध्यापक व्याकरणविभाग

नेपाली संस्कृतमहाविद्यालय, वाराणसी

आजको युग वैज्ञानिक युग हो । विश्वका कुनै पनि कुनामा वस्ने कुनै पनि मानिस आफ्नो दैनिक जीवनमा कुनै-न-कुनै वैज्ञानिक उपकरणको उपयोग गरिरहे छ । उपचार, शिक्षा, भोजन, विचार राजनीति जहाँ हेर्‍यो जता हेर्‍यो विज्ञानै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । सभ्यताको मापदण्ड पनि विज्ञान, समृद्धिको आधार पनि विज्ञान । अब त विज्ञानको अभावमा जीवनको अस्तित्वको पनि हामी कल्पना गर्न न सक्ने हुन आटचौं । यस स्थितिमा हाम्रो जस्तो भरखरै सभ्यता र समृद्धिमा खुड्किलो चढ्न थालेको देश त यसबाट अप्रभावित कसरी रहो ? आज देशका कतिपय बुद्धिजीवी-हरू विज्ञानतिरनै बढ्ता चाख दिन्छन्, हुन पनि हो, विज्ञानको अध्ययनले मनुष्य औद्योगिक सामाजिक आर्थिक प्रत्येक दृष्टिकोणबाट समृद्ध र स्वावलम्वी हुन सक्छ भने वृद्ध-पितामहको सियो सम्म बनाउने र सांझविहान एकछाक खान दिने हुति नभएको थोत्रो भाषा पढेर त्यसको लागि एउटो पैसो पनि खर्च गरेर किन समय र धनको दुरुपयोग गर्नु ? आज संस्कृतसमाजको लागि यसको वास्त-विक उत्तर दिनु अपठ्यारो भैदिएको छ ।

मानवजीवनको लक्ष्य हो "सत्यं शिवं सुन्दरम्" अर्थात् बाह्य र आन्तरिक दुवै स्थितिबाट त्यो निःशङ्क र शान्त होस् । आज विज्ञानले जहाँ मानवसमाज-लाई अधिकतम उपकरण दिएर उसका अधिकतम आकाङ्क्षाको पूर्ति गर्दै छ, ती उपकरण उपयोगमा ल्याएर मानव सुखी छ त वास्तमा ? यसको उत्तर हुन्छ छैन, मात्र छैन ।

आज हामी विश्वका समुन्नत देशहरू मध्ये अमेरिका, रूस, इङ्गलैण्डको नाउं लिन्छौं, त्यहाँका मानिस सांझ-विहानको रोजी-रोटीका समस्यादेखि मुक्त छन्, त्यहाँ कुनै नाङ्गो छैन, कुनै बेघर छैन, प्रायः सबै संग मोटर छन् ट्रेक्टर छन् रेडियो छन् आदि, तर यति सबै कुरा भएर पनि ती देशका निवासीहरू आफुलाई सुखी र समृद्ध अनुभव गर्दैनन् आन्तरिक रूपले। त्यो त मात्रमृगतृष्णा हो जो हामी उनलाई सुखी देख्छौं । त्यहाँ प्रतिमिनट प्रशस्त सङ्ख्यामा बलात्कार लूट-पाट हत्या आत्महत्या अग्निदाह प्रतिशोध विश्वासघात विस्फोट भैरहेका हुन्छन्, त्यहाँ साधारण जनताको त के ? राष्ट्रपतिसम्मको जीवनको सुरक्षा हुन सक्दैन, भित्र-भित्र अशान्तिको आगो दन्किरहेको छ । समृद्ध देशहरू पनि वैज्ञानिक शक्तिको युद्ध र आक्रमणमा दुरुपयोग गर्दैछन् । आज २१ सौ शताब्दीमा पनि एक अर्काको शोषणनीति निर्मूल भएको छैन । के त यै हो सभ्यता ? के त यै हो समृद्धिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्षण ? के त यै हो मानवता ? यसबाट ती देशहरू सर्वसाधनसम्पन्न भए पनि जति पनि सभ्य या समृद्ध भनाइए पनि एउटा कुराको कमी अनुभव गर्छौं हामी तिनीहरूमा, त्यो हो आध्यात्मिक ज्ञानको अभाव । यसको अभावले मानवतामा दानवता आउंछ, यसको अभावमा मानव राक्षस हुन्छ, त्यो दमन गर्छ अरु साना-लाई । त्यसैले हामीकहाँ संस्कृतशास्त्रले जहिले पनि रामादिवत् प्रवर्तितव्यम् न तु रावणादियत् भनेर उपदेश दिन्छ । नत्र रावण पनि बाहुनको छोरो शक्ति-शाली समृद्ध थियो, आजका वैज्ञानिकले जस्तो वरुण-वायु-आकाश सबैलाई हात लिएको थियो, विज्ञान थियो उसंग पनि, कैलासवासी भगवान शङ्करको अनन्य-भक्त थियो त्यो पनि, यज्ञ पनि गर्थ्यो दान पनि दिन्थ्यो, तर यो सवै हुंदा श पनि त्यो राक्षसै भयो । मात्र यसनिति कि त्यसमा आध्यात्मिक गुण थिएनन्, ठीक त्यो नै स्थिति आज विश्वका वैज्ञानिक समृद्ध देशहरूको छ । आध्यात्मिक ज्ञान भएको मानिस अल्पतम व्यय गरेरू पनि अधिकष्म सुख प्राप्त गर्छ, जहां भौतिक विज्ञान-वादी अधिकतम व्यय गरेर पनि स्वल्पतम सन्तुष्टि पाउन सक्तैनन् । संग्रहमा दान, शक्तिमा क्षमा, ऐश्वर्यमा निरहङ्कारिता आदि गुग केवल आध्यात्मिक ज्ञानद्वारानै हुन्छ भौतिकविज्ञानमा उदारता तितिक्षा संतोष क्षमा स्नेह ममता जस्ता गुण मानिस-लाई सिकाउने क्षमता छैन, कारण त्यसको त्यो विषयनै होइन, यो त आध्यात्मिक कुरा हो । त्यसैले यस्ता गुग सिकेको हुन्छ । आजको युगमा विश्वलाई विशेष गरेर हाम्रो जस्तो दुई ढुंगाको तरुल भएका देशलाई प्राच्य र पाश्चात्य आध्यात्म र भौतिक ज्ञान र विज्ञान दुवैको समन्वय चाहिएको छ । आज समाज आध्यात्मिकता-बाट धेरै पर छ, अतः विश्व अशान्त छ । आध्यात्मिकताको ज्ञान मात्र-संस्कृत वाङ्मयमा निहित छ अतः जबसम्म यसको प्रचार र प्रसार हुदैंन तबसम्म विश्वले यसको शिक्षा पाउंदैन र विश्व सुखी हुंदैन । आज संस्कृतवाङ्मयको प्रसार-प्रचार साहित्यको अनुशीलन-परिशीलनको आवश्यकता छ । नत्र पहिलेका मानिसले हवाई जहाज वनाउन टेलीफोनको आविष्कार गर्न न जानेका होइनन् । आज पनि महर्षि भरद्वाजकृत 'यन्त्रसर्वस्व' ताड़पत्रलिखित पुस्तक बडौदा पुस्तका-लयमा उपलब्ध छ भन्ने सुनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज हाम्रो देशले त संस्कृतको अत्यधिक सुरक्षा गर्न परेको छ, कारण यस देशमा जन्मेका आदर्श पुरुषले जहिले पनि आफ्नो ज्ञानले विश्वको विप्लवलाई शान्त पारेका छन् विश्वशान्तिमा पटक पटक योगदान गरेका छन्, भगवान् बुद्ध र जगज्जननी सीताको उत्तरदायित्व उनका आदर्शको निर्वाह हामीले तृतीय-विश्वयुद्धको विकराल गर्तमा पर्न थालेकी यस पृथ्वीको रक्षा गरेर गर्नपरेको छ। आज पुनः बुद्ध चाहिएको छ, आज पुनः सीता चाहिएकी छन्, यस्ता भावी सन्तान मात्र संस्कृत समाजमा हुन सक्दछन् भन्ने कुरा सिद्ध छ। नत्र आजसम्म त्यस्तो शक्तिशाली वम र अन्य उपकरण निर्माण गर्ने देशले यस्तो पुरुष पनि जन्माउन सक्ने थियो। विश्वमा शान्तिको प्रतिष्ठाका लागि संस्कृतसमाजले पुनः सचेत हुनुपरेको छ।

राज्यका आवश्यक तत्वहरूमध्ये जस्तै भूभाग राजनैतिक संघटन, सार्वभौमिकताको अनिवार्यता छ, ठीक उस्त सर्वमान्य भाषाको पनि। जुन देशको भाषा जति समृद्ध र सम्पन्न हुन्छ, त्यस्तै त्यो देश पनि समृद्ध हुन्छ। भाषा र साहित्यको आधारमानै संस्कृतिको विकास हुन्छ जस्तो संस्कृति हुन्छ त्यस्तो समाज एवं जस्तो समाज हुन्छ त्यस्तै व्यवस्था पनि। नेपाली संस्कृति र नेपाली समाजको लागि नेपाली भाषा र साहित्यको विकास र उन्नतिकों जति आवश्यकता छ ठीक उत्तिकै आवश्यकता छ संस्कृत साहित्यको समृद्धि र त्यसका प्रचारको पनि। किन कि संस्कृतभाषाबाटनै नेपालीको उत्पत्ति भएको छ, नेपालीको सुरक्षा संस्कृतलेनै गर्न सक्छ जति संस्कृत शब्द नेलालीमा अटाउँछन् उति अरु शब्द अटाउदैनन्। हाम्री संस्कृति र सामाजिक सगंठन पनि संस्कृतले वताएको सामाजिक नीति र नियममा आधारित छ। यूरोपीय देशका निवासीहरूले सबैभन्दा पहिले लैटिन र ग्रीकनै पढदथे तिनकै शब्द धोक्दथे आज संस्कृत छात्रले हलन्त्यम् रटे जस्तै। किनकि विना लैटिन र ग्रीक शुद्धसाहित्यकार र समर्थ कवि हुन सकिदैन भन्ने उनले निश्चय गरेका थिए त्यसैको फल हो आज अङ्ग्रेजी फ्रेन्च जर्मनी भाषाको अति प्रचार छ र त्यो यति समृद्ध पनि छ। हामीले पनि नेपाली भाषा साहित्यको सुरक्षाको लागि देशको सामाजिक सांकृतिक तथा राजनैतिक एकताको लागि संस्कृत पढन अत्यावश्यक छ यदि देशमा अङ्ग्रेंजी जस्ता विदेशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाको प्रसार यस्तै रूपले बढन थाल्यो भने अवश्य पनि हाम्रो स्थिति नराम्रो हुनेछ । अङ्ग्रेजले अफ्ना उपनिवेशमा सबै भन्दा पहिले आफ्नु भाषाको र साहित्यको प्रचार गरे, यवनले जहां जहां आक्रमण गरे आफ्नै भाषा र साहित्यको प्रचार गरे। पहिले भाषा अनि साहित्य त्यस पछि संस्कृति अनि समाजमा दखल गर्दै राज्यमा समेत दखल गर्ने सजिलो उपाय सिकेका थिए यिनीहरूले, आज पनि यस्ता तत्वहरू सक्रिय छन् पनि । अतः हामीले पनि छिटो यस विषयमा सतर्क रहनु परेको छ र चांडै संस्कृतको प्रचार प्रसारद्वारा आफ्नो भाषा साहित्य र संस्कृतिको लागि संबल दिनु परेको छ ।

हाम्रो देश विश्वको एक मात्र हिन्दूराज्य हो । हाम्रो गौरव सनातन धर्ममा छ। त्यसको आधार संस्कृत हो। १०४ वर्ष सम्मको राणातन्त्रको थिचोमिचो र सात देखि सत्र सालसम्मको अस्थिर राजनैतिक वातावरणको कटु अनुभवले आफ्नु माटो पानि सुहाउंदो आफ्नै किसिमको नया प्रजातान्त्रिक प्रणाली जसमा आधुनिक राज्यविज्ञान र प्राचीन राज्यविज्ञानको अभूतपूर्व मिश्रण छ संस्कृतबाट अप्रभावित छैन वरु यसमा जहां तहींनैं संस्कृत र संस्कृतिको पुट पाइन्छ । यदि हामी यसको प्रतिष्ठा र स्थिरता चाहन्छौ भने अझ बढी संस्कृतको विकासको आवश्यक छ । घर-घरमा संस्कृतको प्रचार हुनुपर्दछ ।

हाम्रो देशमा श्री ५ राष्ट्रनायकको कुशल नेतृत्वमा अन्य महत्वपूर्ण क्रान्ति भए आर्थिक क्रान्तिमा भूमिसुधार राजनैतिक क्रान्तिमा पञ्चायती प्रजातन्त्र सामाजिक क्रान्तिमा मुलुकी ऐन तथा सांस्कृतिक क्रान्तिमा गांउफर्क ज़स्तै शैक्षणिक क्रान्तिमा यो अन्ताराष्ट्रिय संस्कृतविद्वत्सम्मेलन, जसले देशमा संस्कृतविश्वविद्यालयको निर्माणको आवश्यकता महसूस गऱ्यो । अंग्रेजी त हामीलाई भाषाज्ञान मात्र पर्याप्त छ । अन्य विषय जो विश्वविद्यालयमा पढाइन्छन् विश्व-इतिहास राजनीतिविज्ञान आदि ती त दोस्रा तहका कुरा हुन् किन कि हाम्रा तल्ला तहका जनतामा त मात्र नेपाली र संस्कृतको आवश्यकता छ जसको लागि यो संस्कृतविश्वविद्यालय यथाशीघ्र खुल्न गैरहेछ यसले परीक्षा चलाएर र ४–५ वटा स्नातक निकालेर मात्र कार्य पूर्ण भएको मानिने छैन जनजनमा संस्कृत भाषा र साहित्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचार गरी देशको धार्मिक, सामाजिक सांस्कृतिक; राजनैतिक सबैं किसिमको एकतासूत्र बलियो पार्नु पर्नेछ। वैज्ञानिक शब्दको संस्कृतीकरण गर्नु पर्ने सर्वप्रथम कर्तव्य हुन्छ, जसबाट नेपालीभाषाको साहित्यको कलेवरमा वृद्धि होस्।

आज विज्ञानले मनुष्यलाई क्रियाहीन आलसी र पङ्गु वनाइ दिएको छ। जे कुरा पनि वटन दवाएर उपलब्ध हुने हुंदा मनुष्यमा ऐस आरामको प्रवृत्ति वढदै गयो जो वास्तवमा गहिरिएर विचार गर्दा विशेष गरेर हाम्रो जस्तो देशको लागि अनिष्टकारक छ। आज मात्र अधिकारलोलुप समाजलाई पुनः एक चोटी कर्तव्यको पाठ पढाउनु परेको छ। विज्ञानबाट उत्पन्न यो वातरोगको निर्मूल "आफ्नु काम आफैं गर्नें" भन्ने शिक्षा नभैं वर्दलिदैंन। अन्यथा हाम्रो समाज पनि यसैं गरी पङ्गु भइद्वियो भने विश्वमा असंभव त केही छैंन कदाचित् चारैंतिर बाट शत्रुले घेरा हाले भने हामी डरले भयले या कुनै अरु दवावले प्रभावित भएर गाण्डीव मिल्काएर कौरव-पाण्डव-सेनाका माझमा मूर्छित किंकर्तव्य-विमूढ अर्जुन जस्ता हुनेछौं त्यति वेला हामीलाई गीता नैं चाहिन्छ र कृष्णनैं चाहिन्छन् दुवै संस्कृत साहित्यमानैं छन्। अन्यथा एक्लो अर्जुनको स्थिति हाम्रो हुनेछ जसका वरिपरि दुर्योधनको नूनको सोझो गर्नें इष्ट मित्र छर छिमेकी नाता गोत्यार मात्र हुनेछन् यो ज्ञान भाग संस्कृतले दिन्छ यो पङ्गुपन हटाउनु मात्र संस्कृत समर्थ छ। कुनैं पनि ज्ञान मस्तिष्कमा मात्र सीमित हुन्छ भने ज्ञान हो, कार्य रूपमा परिणत हुन्छ भने विज्ञान हो आध्यात्मिक ज्ञान पनि जो आजसम्म मात्र कागतका ठेली र केही दुइ चार विद्वान्का मस्तिस्कमा मात्र सीमित छ मानवमात्रमा प्रचार गरेर त्यस ज्ञानलाइ विज्ञानको रूप दिनु परेको छ यसरी आध्यात्मिक र भौतिकविज्ञानको गाङ्गयामुन सङ्गमले मानव मात्रका अज्ञान कल्मषहरू पखालिनेछन् यसमा सन्देह छैंन।

संस्कृतविश्वविद्यालले गर्नुपर्नें कार्यक्रमको विवरण—

१. संस्कृत विश्वविद्यालयले वैज्ञानिक तरीकाले वैज्ञानिक साधनको उपयोग गरेर जनजनमा संस्कृत प्रचार गर्नुपर्दछ। योटा संस्कृतको दैनिक या साप्ताहिक समाचारपत्रको प्रकाशन चालू हुनुपर्दछ, त्यो प्रकाशित हुने मात्र होइन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको प्रचार र त्यसमा जनताका मनोरंजनका स्थायी स्तम्भको पनि समावेश, जसले संस्कृत पटन पट्टि मानिसलाई चाख लागोस् हुनु आवश्यक छ ।

२. संस्कृतवाचनकलाको शिक्षा दिनु पर्दछ । यसको आचार्य पास गरेर पनि साधारण संस्कृत बोलन नजान्ने स्नातक निर्माण गर्नु देशको र समाजको लागी वरदानको साटो उल्टो अभिशाप हुनेछ ।

३. केवल हल् अन्त्यम् द्विपदमिदं सूत्रं र घटत्वावच्छिन्न र पटत्वावच्छिन्नको गुरु-शिष्यकलहमात्रले संस्कृतमा विद्वत्ता आउँदैन यस्ता ग्रन्थहरू व्याख्यानका रूपमा लिखित सम्झाउने अध्यापक या व्याख्याताको कर्तव्य हुनुपर्दछ ।

४. विज्ञानशाखाको विभाग अत्यावश्यक छ, जसले समस्त विज्ञानका ग्रन्थको संस्कृत-अनुवाद गरोस् संस्कृतशब्दको धात्वर्थानुरूप यथाव्युत्पत्ति निर्माण गरोस्, ख्याल गर्ने कुरा यो छ कि शब्दकपना संक्षेप र पूर्ण भावाभिव्यक्ति हुने हुनुपर्दछ, रेल शब्दको अनुवाद लौह-पथ-गामिनी बाष्पशकटयानम् भन्नु उचित हुंदैन, राःधनं तत्लाति आददातीति रैलम् यस्ता शब्दको निर्माण आवश्यक छ । समस्त विज्ञानको पठन-पाठन आवश्यक छ, यतिमात्र होइन विज्ञानको पढाइ मध्यमासम्म अनिवार्य हुनुपर्दछ तर त्यो मात्र संस्कृतमाध्यमबाट पढाइनु पर्दछ ।

५. विश्वविद्यालयमा आज भोली पढाइने राजनीतिविज्ञानका पाठ्यपुस्तकहरू अरस्तु र सुकरातलाई आदि प्रवर्तक या विचारक मानेर प्रारंभ हुन्छन् ग्रीक नगर राज्यबाट मात्रनै नागरिक शब्दको उत्पत्ति भयो भन्ने यिनको भनाई छ त्यै पाठ्यपुस्तकनै पढेर हाम्रो युवापिढ़ी स्नातक बन्दैछ हामीले यस विश्वविद्यालयमा नागरिक शब्दको उत्पत्ति र प्रयोग पाणिनिकालीन भारतवर्षमा पनि थियो, त्यहाँ पनि आदर्श र अनादर्श नागरिक भएको कुरा नागरिकश्चौरः शिल्पी वा भनेर व्यक्त गरिएको छ यसरि राज्य-विज्ञान र शासन-विज्ञानको अध्यापन हुनुपर्दछ ।

६. संस्कृतमामात्र कर्मकाण्ड छ र संस्कृत मात्रत्रैवर्णिक विशेष गरी ब्राह्मणको भाषा हो भन्ने भावना जनमानसबाट हटाउने प्रयास गर्नुपर्दछ यस्ता खालका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकुचित विचारधारा छोडेर आजका संस्कृत मनीषीले उदारताको भावना आफुमा जागृत गर्नुपरेको छ ।

७. केवल विज्ञापनपत्र र बोलचालका भाषामा मात्र संस्कृत र अंग्रेजी समान देखाएर नियुक्त गर्दा प्रशासनमा अंग्रेजी डिग्री भएकालाईमात्र लिने चलन शासनले गर्नुहुँदैन, विश्वविद्यालयले अंग्रेजी डिग्री प्राप्त गरेकासँग अन्तरवार्तामा या समाजमा वस्न वोल्न व्यवहार गर्न नजान्ने स्नातक निर्माण गर्नु पनि हुँदैन ।

८. सरकारी कागजपत्रमा एम. ए. आचार्य र बी. ए. शास्त्रीलाई समकक्ष मानिए पनि कार्यक्षेत्रमा यस्तो भएको देखिदैन यसको मुख्य कारण स्नातकीय उपाधिका सञ्ज्ञा वैरूप्य पनि हो । जब सम्म यो विषमता हट्ने छंन तब सम्म संस्कृतस्नातक हरू एम. ए. र बी० ए. उपाधिवान का सामु उपेक्षित हुनेनै छन् यस सन्दर्भमा काशीविद्यापीठ विश्वविद्यालयले आपनो स्नातकीय उपाधिलाई शास्त्रीकैनाउले व्यवहार गरेको र विश्व प्रसिद्ध बनारस हिन्दू विश्वविद्यालयले आफ्नो बी० ए० एम० ए० उपाधिलाई निकट भविष्यमै शास्त्री आचार्य गराउने योजना बनाएको पनि उल्लेखनीय छ ।

९. त्रिभुवन विश्वविद्यालयबाट चलाइने समस्त संस्कृत परीक्षा प्रस्तावितसंस्कृत विश्वविद्यालयमा कार्य प्रारम्भ भएदेखिबाट यसैमा अन्तर्निहित गरिनु वेश होला अन्यथा एउटै विषयको अलग अलग संस्थाले परीक्षा चलाउँदा ठूलो सानुको प्रश्न हुन्छ यसले पछि अनाहक विभिन्न विवाद खड़ा हुने र व्यर्थ खर्च मात्र वृद्धि हुने संभावना पनि स्पष्ट छ । यस विषयमा संस्कृत जगतका निस्वार्थ र तपोनिष्ठ महाशय विद्वान हरूले संस्कृतसमाजको चिरन्तन प्रतिष्ठाका लागि गहिरो विचार गर्नुपने आवश्यकता छ ।

१० प्रस्तावित संस्कृत विश्वविद्यालयका समस्त प्रशासनिक नियुक्तिहरूमा सकेसम्म संस्कृतज्ञ मनीषीहरूको नियुक्ति अत्यावश्यक छ । अन्यथा संस्कृत समाज र संस्कृतभाषा देखि अनभिज्ञको प्रशासनले व्यर्थको राजनीतिक विद्वेष र संघर्षको सिर्जना हुन पाने संभावना हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो उपरोक्त सुझाव हरूनैंसर्वमान्य हुन् र यसभन्दा अरु सुझाव छैनन् भनेको होइन तर व्यक्तिगत दृष्टिकोणले संस्कृतविश्वविद्यालयका लागि यति कुराको आवश्यकता छ भनेको मात्र हो।

अब विश्वविद्यालयनिर्माण कहाँ हुने भन्ने कुरामा पनि दुई शब्दमा भन्न चाहन्छु।

(१) यो संस्कृतविश्वविद्यालयको निर्माणमा अथवा यसकोलागि गरिने प्रयाससम्बन्धमा दाङ्ले जुन योगदान गरेको छ त्यो सर्वप्रशंसनीय छ। दाङ् विद्वत्सम्मेलन आयोजक समितिका कार्यकर्ता सहयोगी नागरिकहरूका प्रति समस्त संस्कृत-समाज ऋणी छ। यस दृष्टिले दाङ् र त्यहाँको जनतामहाविद्यालयले पोखरा, जनकपुर, धरान, कपिलवस्तु, काठमाडौंका पनि संस्कृतसंस्थानहरूलाई जितेको कुरा स्पष्ट छ। अतः विश्वविद्यालयको स्थापना पूर्व यत्रो उत्साह गर्ने जनता, विश्वविद्यालय-स्थापनाको लागि र स्थापना पछि कति सहयोगी हुनन् भन्ने सजिलैसँग-अनुमान गर्न सकिन्छ।

(२) नेपालको पूर्वीभाग राजधानीको सान्निध्य र अन्य औद्योगिक प्रतिष्ठानको कारणले पनि समृद्ध छ तर पश्चिमी भाग साह्रै पिछडिएको छ। जति पनि पश्चिमी प्रान्तका छात्र छन् ती राजधानी पुग्न र त्यहाँको खर्च भर्न असमर्थ भएर वनारस र भारतका अन्य प्रान्तमानै दुगुर्दछन् अतः यो दोस्रो विश्वविद्यालय पश्चिमी भागमानै आवश्यक छ, त्यस्तो उपयुक्त स्थान दाङ्नै होला।

(३) संस्कृतविश्वविद्यालय शान्त र स्वच्छ वातावरण भएको ठाउँमा हुनुपर्दछ यसको अर्थ निर्जन होइन जहाँ विद्यार्थी न भेटियून् तर त्यस्तो पनि होइन जहाँ केवल भूँ भूँ र पूँ पूँ मिलको धुवाँ, मिसिनको खच् खच् मात्र होस्, यसले शिक्षा असफल हुन्छ। अतः संस्कृतविश्वविद्यालयको शतप्रतिशत लाभ पनि हामी दाङ्बाटनै उठाउन सकौंला जस्तो मलाइ लाग्दछ।

(४ –कुनै पनि समस्या समाधानको लागी अर्थको आवश्यकता हुन्छ हामीले घाँटी हेरेर मात्र हाड निल्नु पर्दछ, आज देशको स्थिति देखदा विश्वविद्यालय जस्तो ठूलो संस्था काठमाण्डू जनकपुर या विराटनगर जस्ता ठाउँमा खोलेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्कारमामात्र त्यसको भार खपाउनु उचित छन, दाङ् जनतामहाविद्यालयसँग जग्गा जमीन प्रशस्त छ, कमी भए त्यहाँका दानवीरहरू अरु पनि सहायता र सहयोग गर्नकटिबद्ध छन्, किनकि, उनको जनतामहाविद्यालय उनकै श्रमको फल हो, अतः आर्थिक दृष्टिकोणले समृद्ध पनि विश्वविद्यालय दाङ्मानै बनेर मात्र हुनेछ। सरकारको सहायता कम पाएर पनि त्यो चल्न सक्ला जस्तो लाग्दछ।

आज हामीले स्वार्थ प्रतिशोध या अन्य दुर्गुणलाई भुलेर मात्र कर्तव्यदृष्टचा देशनिर्माणमा अग्रसर हुनपरेको छ संस्कृतसमाज यस कुरामा सधै अगाडी छ सधै रहने छ भन्ने म विश्वास गर्दछु।

अन्त्यमा आजको यो वीसौं शताब्दीका उत्तरार्द्धमा पाश्चात्य-संस्कृति र सम्यताको बढदो व्यामोहले मलिन भएर अस्ताचलाऽभिमुख संस्कृतभाषा र साहित्यलाई पुनः उदयाचलमा प्रतिष्ठापित पार्न सतत प्रयत्नशील श्री ५ महाराजाधिराज सरकारका प्रति यो संस्कृतसमाज श्रद्धाले शतशः नतमस्तक छ मौसूफको चिरन्तन स्वप्नलाई मनसा वचसा कर्मणा सहयोग गरेर सफलीभूत पार्ने प्रण दाङको ऐतिहासिक अन्ताराष्ट्रिय संस्कृतविद्वत्सम्मेलनमा समुपस्थित विद्वद्वर्गले गरिसकेको छ।

आशा छ निकट भविष्यमा श्री ५ महाराजाधिराज सरकारका यशस्वी एवं मङ्गलमय करकमलबाट समुद्घाटित विश्वको गौरवभूत संस्कृतविश्वविद्यालयले पुनः नेपालमा राजर्षि जनक एवं महाकवि कालिदासको स्वर्णिम युगलाई प्रत्यावर्तन गर्नें छ।

जयतु संस्कृतिर्जयतु संस्कृतम्

संस्कृतविश्वविद्यालयको लागि श्री

मेघराज शास्त्रीको मन्तव्य।

श्रीमन्तो गुरवः गंगाधर शास्त्रिणः।

सन्तु प्रणतयः

अत्र शुभकामनया कुशलिनः। तत्र श्रीमतां कुशलं समीहामहे। निर्वाचन प्रचा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रो हि निर्वाधं यत्र तत्र सर्वत्र प्राधान्येन वर्वति। नास्ति, अन्यत् किमपि वचनीयम्। संस्कृतविश्वविद्यालयस्य कृते स्वीयं मन्तव्यमुपस्थापितमस्ति ततः विश्वविद्यालयस्य विमर्शसमये संमिलितं भविष्यति, इति दृढो विश्वासः अन्यत् सर्वं दर्शनावसरे।

श्रीमत्को

मेघराज उपाध्यायः

हापुर विजौरी (दाङ्ग)

ज्ञानद्वारानै मानव आफ्नो अन्तिम लक्ष्य प्राप्त गर्न सक्दछ। अरु साधन-हरूबाट मनुष्य आफ्नो अन्तिम लक्ष्य प्राप्त गर्न सफल हुँदैन। जुन लक्ष्यमा पुगि सके पछि मानवले देखनु पर्ने पाउनुपर्ने कुनै कुरा बाँकि रहदैन सदाको लागि परम सुख शान्तिको अनुभव गर्दछ। त्यस कारण ज्ञानको आर्जन मानवजीवनको लागि ज्यादै महत्वपूर्ण छ भने अर्कोतिर विज्ञानको पनि उत्तिकै आवश्यकता छ। आजको युग विज्ञानको युग हो। विज्ञानले विश्वलाई आंगन बनाई दिएको छ। अंग प्रत्यंग विज्ञानले रङ्गिएको छ। जीवनोपयोगि आवश्यकता पनि यसैबाटनै पुरा भइरहेछ। अतः ज्ञान र विज्ञान दुवै विषय मानवजीवन-लागी परमावश्यक छन्।

ज्ञानद्वारा त्रिकालदर्शिता कायाकल्प गर्ने शक्ति अमर हुने आदि आदि कार्य र विज्ञानवाट विश्वामित्रले अलग विश्वरचना गर्नु आदि जस्ता कार्य केवल कथामामात्र वांकी रहेका पाउँछौं। आज हामी त्यस किसिमका कार्यहरूलाई कथामामात्र न राखी प्रयोगमा पनि ल्याउनलाई कार्य गर्नुपरेको छ। ज्ञान--विज्ञानलाई समन्वयात्मक ढंगले प्रयोगमा देखाउनुपरेको परस्परको पूरक बनाउनु परेको छ। यी उक्त कुराहरूलाई पुरा गराउने संस्थाको नेपालमा ठूलो खाँचो छ।

जुन संस्थाबाट विश्वलाई बाटो देखाउन सक्ने युगपुरुष ठूला-ठूला दार्शनिक अर्थशास्त्री समाज शास्त्री। रसायनशास्त्री, भूगोलशास्त्री, वैज्ञानिक, प्राविधिज्ञहरू आदि जन्मन सकून्। यस संस्थालाई हामी "संस्कृतविश्वविद्यालय" भनि पुकार्न छौं। प्रकृतिले अनेक किसिमसँग सिंगारेको यो हाम्रो मातृ-भूमि नेपाललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनधानले सुसंपन्न गराउने तत्वहरूको मुहान विश्वविद्यालयनै हो। ज्ञानसंपन्नता वैज्ञानिक आविष्कार र प्रगति सभ्यताको कसौटी हो र उक्त कुराको विश्वविद्यालय जन्मदाता हो। यसैले विश्वविद्यालय न भै न हुने कुरा हो। विश्वविद्यालयको लागि चाहिने वातावरण, स्थान खाद्यान्न, जलवायु भौगोलिक संबन्ध सम्पत्ति जन सहयोग आदि हुन्। यी जहाँ अनुकूल पर्दछन् वहाँ विश्वविद्यालय हुनु नितान्त आवश्यक छ। यी उक्त कुराहरूको लागि दाङ् उपयुक्त छ।

१—यहाँको जनता श्रद्धालु उत्साही र सहयोगी छ। उक्त संस्थाहरू खाली सरकारबाट मात्र चल्न सक्दैनन्। जनतामा पनि निर्भर गर्दछन्। यसैले जनभावनाको मूल्यांकन गर्नु पर्न आवश्यक पर्दछ।

२. यहाँ स्थान पनि उत्तिकै युपयुक्त छ। चारैतिर पर्वतमाला वनस्पतिले सजिसजाउँछ। माझमा उर्वराशक्ति भएको विशाल मैदान छ। न ज्यादै गर्मी छ। न ज्यादै ठण्डी छ। यस्तै सम-शीतोष्ण ठाउँनै प्रगतिलागी उपयुक्त हुन्छ।

३. खाद्यान्न पनि यहाँ सुलभ छ। खाद्यान्न प्रशस्त न भएको ठाउँ प्रगतिमा बाधा पुऱ्याउँछ।

४. यहाँ मित्रदेश सँगको भौगोलिक सम्बन्ध पनि उक्तिकै उपयुक्त छ। जसबाट आवश्यक सम्बन्ध राख्न सजिलो परेकोछ।

५. यहाँको जलवायु पनि अनुकूल पर्दो छ। जसले गर्दा विश्वविद्यालय यहाँ हुर्कन सक्नेछ।

६. दाङ्गको जनताले महाविद्यालय लागि दिएको १२०० विगाहा जग्गा छ र त्यस्कै आधारमा हाल संचालन गरेर पनि पछि विशाल रूप दिन सकिन्छ।

यी सबै कारणले गर्दा प्रस्तावित संस्कृतविश्वविद्यालयले यही दाङ्मा मूर्त-रूप लिने छ भन्ने कुरामा दुई मत हुन सक्ने छैन भन्ने मेरो दृढ विश्वास छ।

संस्कृतविश्वविद्यालयले निम्न विषयहरू अँगालेको हुनु पर्दछ।

१. जुनसुकै राष्ट्र पनि महत्त्वपूर्ण र गौरवान्वित हुन आफ्नै राष्ट्रिय शिक्षा पद्धतिमा निर्भर गर्दछ त्यो शिक्षापद्धति आफ्नै साँचामा ढालिएको आफ्नै इतिहासमा हाँसिको आफ्नै पनामा अस्तित्व कायम गरेको हुनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. युगानुकूल शिक्षापद्धति चलाइनु पर्दछ। जसले ज्ञान र विज्ञानको समन्वयात्मकता अगालेको होस्। यदि ज्ञान र विज्ञानको समन्वयात्मकता भएन भने सबै क्षेत्रहरू अधुरो र असफल भएर जाने छन्।

३. आजको क्षिक्षाप्रणालीले विद्वत्तामा ह्रास ल्याएको छ। यसैले प्राचीनताको संरक्षण गर्दै शिक्षाको परिपाटीलाई परिवर्तन गरी नवीनता ल्याउनु पर्दछ। जसबाट गंभीर विद्वत्ताको संरक्षग संवर्धन हुन सकोस् यो विश्वविद्यालयबाट निस्केका स्नातकहरू विश्वका विभिन्नवाद दर्शनको उत्तर प्रत्युत्तर गर्न सक्ने प्रौढ दार्शनिक बन्न सकुन्।

४. आजको युगमा खालि संस्कृतमा भक्ति देखाएर मात्र संस्कृतको रक्षा हुन सक्दैन र संस्कृतविद्याको संरक्षण न भए संस्कृति पनि लोप भएर जाने छ। अतः समाजलाई यस दिशातर्फ आकर्षित गराउनलाई सर्वसाधारण व्यवहार लागी संस्कृतको प्रारम्भिक तहमा सरलता ल्याउनलाई संस्कृतमा सरलीकरण गरियोस्। जसमा सामयिकता र उपयोगिता समावेश गरिएको होस्।

५. पढाईको लक्ष्य ज्ञानोपार्जन र जीविकोपार्जन हो। सादा जीवन उच्च विचार हाम्रो परम्परा हो। प्रमुख लक्ष्य आध्यात्मिकताको संरक्षणको साथै रोटी रोजीको समस्या पनि मानवजीवनमा आइ पर्ने भएकोले त्यसलागि संस्कृतले राज्याश्रय पाउन उपयोगी हुने छ। अन्यथा वर्तमान समयकै हालत हुने छ र संस्कृतसमाजको आकर्षणमा व्यवहारतः केही शिथिलता अनुभव हुने छ। अतः त्यस तर्फ पनि ध्यान दिइयोस्।

६. समाजशास्त्र, प्राणिशास्त्र, अर्थशात्र, व्याकरण, भूगोल, ज्योतिष, गणित, आयुर्वेद, दर्शन, कला, सङ्गीत साथै अनुसन्धान विभाग अलग हुनु आवश्यक छ।

७. प्राचीन आदर्श कायम गर्दै शिक्षाको सर्वाङ्गीण विकाशको लागी उपयुक्त वातावरण सिर्जना गर्ने व्यवस्था अँगालियोस् र ज्ञान ज्ञानको निमित्त मात्र न भई जीवनोपयोगी हुनु पनि आवश्यक छ।

मेघराज उपाध्याय शास्त्री
हापुर विजोरी दाङ्
२०२५-२-२०-१ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमन्तस्तत्र भवन्तो निदेशक-महोदयाः

जनतामहाविद्यालयीयाः !

दाङ्ग-नेपालस्थाः

मान्या महाभागाः !

दाङ्गभूमौ जातस्य विद्वत्संमेलनस्य संस्कृतविश्वविद्यालयस्थापननिश्चयात्मकं प्रस्तावम्, अहम् सर्वात्मनाऽनुमन्ये । प्रस्तावसंबन्धेन काश्चन मामकीनाः विज्ञप्तयो निम्नाङ्किताः सन्ति ।

(१)–प्रस्ताविते संस्कृतविश्वविद्यालये शिक्षणस्य माध्यमं संस्कृतमेव स्यात् ।

(२)–आधुनिकविषयार्थं सत्यावश्यकत्वे संस्कृतमाध्यमेनैव पाठनं स्यात् । परीक्षायाञ्च छात्राः संस्कृतेनैवोत्तरं दद्युः ।

(३)–प्राचीनाचारविचारयोः संरक्षणार्थं विश्वविद्यालयान्तर्गतमेकं ब्रह्मचर्याश्रममपि स्याद्यत्र प्रत्यहं हवनसन्ध्यादिकार्यं सम्पादयेयुः । तत्र च १० वर्षपर्यन्तवयस्काः कृतोपवीतसंस्कारा एव द्विजाः प्रवेशार्हाः स्युः । मध्यमापर्यन्तं तत्र ब्रह्मचर्याश्रमे शिक्षा स्यात् । अष्टादशवर्षावस्थापर्यन्तमेव तत्र ब्रह्मचारिणो निवसेयुः । वेदाध्ययनस्य तत्रानिवार्यता स्यात् ततो निःसृताश्च छात्राः विश्वविद्यालये विशेषेण सम्मानिताः स्युः ।

(४)–अध्यापकानां विश्वविद्यालये नियुक्तौ केवलं शैक्षणिकी योग्यता एव न किन्त्वाचारविचारसम्बधिनी योग्यतापि स्यादपेक्षिता । तेषामाचारविचारपरीक्षाद्वारैव नियुक्तिः स्यात् । अध्यापका हि सनातनधर्मनिष्ठा आचारपरिपालकाश्च स्युरित्येतस्मिन् अवश्यमेव ध्यानं दीयेत ।

(५)–प्रशिक्षणमहाविद्यालयोऽस्य विश्वविद्यालयस्यान्तर्गतः स्यात् । सर्वेषां च स्वदेशान्तर्गतानां संस्कृताध्यापकानान्तत्र प्रशिक्षणं स्यात्तत्र चाङ्लविद्यालयस्थानामप्यध्यापकानां संस्कृताध्यापकानाञ्च विशेषरूपेण प्रशिक्षणं न केवलमध्यापनस्यैव किन्तु सनातनधर्माचारविचारस्यापि तत्र प्रशिक्षणं स्यात् ।

(६)–एकोऽनुसन्धानविभागस्तत्रोपविभागस्वरूपेण स्यात् । किञ्च विश्वविद्यालयोऽयं संस्कृतानुसन्धानकर्तॄणामुपजीव्यमिव स्यात् सति सम्भवे राष्ट्रियाभिलेखालयोऽ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रैवानेयः स्यादथवाभिलेखालयोऽयं काष्ठमण्डपस्थोप्यस्यैव विभाग एकोऽङ्गो (एकमङ्गं) वा स्यात्।

(७)–विश्वविद्यालयोऽयं दाङ्गभूमावेव स्थापितः स्यात्। यत इयं भूमिः।

(क)–ब्रह्मस्थली वर्तते।

(ख)–अत्राधुनिकानां पठनरुचिप्रतिबन्धकानां चलचित्रपटादिगृहाणामभावो वर्तते।

(ग)–प्राचीनविश्वविद्यालया यथारण्यस्था आसन् तथैवात्रत्यं विशुद्धं वातावरणं वर्तते। अत इयं भूमिः विश्वविद्यालयार्थमतीवोपयुक्ता।

(घ)–पठनायैकान्ततातीवापेक्षिता भवति सा चात्र प्रकृत्यैव यथा विद्यते तथा नान्यत्र इति मन्ये।

(ङ)–दूषितराजनीतिकवातावरणस्यात्राभावो वर्तते।

(च)–नागरिकभावनायाश्चात्राभावो वर्तते (अत्र नागरिकशब्दो धूर्ततायां कुत्सने च प्रयुक्तः)

(छ)–यदि चायं संस्कृतविश्वविद्यालयोऽन्यत्र स्थापितः स्यात्तदात्र प्राप्तायाः भूमेः सकाशात् हस्तप्रक्षालनमेव स्यात्। पुनश्च तादृशी भूमिः कुत्रापि न लभ्येतान्यत्र।

इति निवेदयति

दिनाङ्के २०२५।१। प्रतिपद् वैशाखशुक्लपक्षस्य

दुर्गाप्रसादोपाध्यायो दवाडी
नेपालीसंस्कृतमहाविद्यालयीयप्राध्यापकः
वाराणसीस्थः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्याः महानुभावाः !

श्रीजनतामहाविद्यालयः दाङ्गनेपालः

पो० जरवा, ए.चे कोयलावासः। जि० गोण्डा, उत्तरप्रदेशे ई० १९६८ मार्च-मासे विद्वत्संमेलनसमारोहे प्रस्तावितसंस्कृतविश्वविद्यालयस्वरूपं प्रकृतभूमेस्तदर्थमुपयुक्तताञ्चाधिकृत्य तृतीयदिवसे प्रातः श्री पू० स्वामिकरपात्रमहाभागानां साभापत्ये यो हि विचारः सर्वैर्विद्वद्भिः सम्भूय स्थिरीकृतस्तत्र विषये स्वीयमानसभावो लेखद्वारा श्रीमतां समक्षमुपस्थाप्यते।

मान्याः ! सर्वप्रथममिदमालोचनीयं, यत् का का सामग्री संस्कृतविश्वविद्यालयस्य कृते नितरामावश्यकी, यत्र च सोपलब्धा स्यात् तत्रैव तत्स्थापनं श्रेयस्करं भवति। अन्यथा सर्वोऽपि तद्विषयकप्रयासः नैष्फल्यमुपयाति। सूक्ष्मेक्षिकया विचार्यमाणे यत्र नागरिकदूषितवातावरणराहित्यम्, द्विजातिवसनबाहुल्यम्, प्राकृतिकमनोज्ञदृश्यम्, अन्नादिभोजनवस्तुसुलभता, दूषितसाम्प्रतिकराजनैतिकवातावरणस्य सर्वथाऽभावः, वैदिकसनातनधर्मपरायण-जनताबाहुल्यम्, सर्वमुख्यश्च संस्कृतविश्वविद्यालयस्य सञ्चालनार्थमायस्य कृते क्षेत्रादिसम्पत्तिस्थायिनिधिः। इति सामग्रीसमूहोपलब्धिः स्यात् तत्रैवावश्यं संस्कृतविश्वविद्यालयस्थापनं सर्वदा-सर्वथा च समेषां छात्राणां विदुषां च हितावहं भविष्यतीति दृढं मे विश्वासः।

एतदर्थञ्च श्रीजनतामहाविद्यालय, दाङ्ग इति पूर्वोक्तस्थानं सर्वतोभावेन प्राथम्यं समाप्नोति। विद्वत्सम्मेलनसमारोहावसरे तत्स्थानदर्शनेन तत्रत्यया सुमनोज्ञया विद्वत्कृतव्यवस्थया च प्रसह्य चेतसि एतादृशो भावः समुत्पन्नः, यत् यद्यत्र भाविनः संस्कृतविश्वविद्यालयस्य स्थापनं भवेत्, तदात्र गुरुशिष्यरूपायाः प्राचीनपरम्परायाः तत्तत्प्राचीनविद्यायाश्च संरक्षणं संवर्धनञ्चावश्यं भविष्यति। यस्य च कृते समस्तेऽपि भारते वर्षे नितरामावश्यकता वरीवर्ति। इति कृत्वाऽत्रैव स्थाने संस्कृतविश्वविद्यालयस्य स्थापनं विधेयमिति वाराणसेयस्य जोशीत्युपनामकस्य दिवाकरशास्त्रिणो मतमिति शम्।

दिवाकरशास्त्रीजोशी

२५-५-६८

के. २५।१ नयाघाट

वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीअनन्तशास्त्रिणः फडके-महोदयस्य

महतः प्रमोदस्य विषयोऽयं यन्नेपालप्रदेशे संस्कृतविश्वविद्यालयः श्रीमद्भिः महामहिमशालिभिर्महाराजाधिराजैः श्रीमहेन्द्रवर्मभिरचिरादेव संस्थापयिष्यत इति श्रुतमस्मत्प्रियमित्राणां योगिवर्यनरहरिनाथमहोदयानां मुखारविन्दात् ।

नेपालदेशो नूनं जागतीतल एकमेव सौर्वभौमसत्ताकं प्राचीनानां ऋषिक्षत्रियादीमानादर्शचरित्राणां पन्थानं प्रदर्शयत् राष्ट्रमिति सन्देहलेषरहितं कथनं नातिशयोक्तिं भजते ।

अत्र स्थापयिष्यमाणे संस्कृतविश्वविद्यालये प्राचीनानां शास्त्राणामध्ययनाध्यापनादिभिः साकं सर्वथाऽप्रसिद्धानां नेपालदेश एवोपलब्धानां तत्रत्ये महति पुस्तकालये सुरक्षितानां ग्रन्थानां टीकाटिप्पण्यादिभिर्युतं मुद्रणादिकं भविष्यतीति संभावयामः ।

अयं प्राचीनर्षिवराणां [1]कुलापतीनामाश्रमस्थं संश्रूयमाणं विश्वविद्यालयमनुकुर्याच्छात्राणां सुशीलत्व-गुरुभक्तियुत्वादिविशिष्टैर्धर्मैरन्यत्र सर्वथा दुर्लभैरिति श्री मन्त पशुपतिनाथं प्रार्थयामहे इति ।

अनन्तशास्त्री फड़के
व्या. आ. मी. तीर्थ, वे. केसरी,
भू. पू. अध्यक्षः पुराणेतिहासभक्तिशास्त्र
वा. सं. वि. विद्यालय तथा
सं. विश्वपरिषद्, वाराणसी
के २६।४१ कपिलेश्वरगली
वाराणसी १

१ छात्राणां दशसाहस्रं योऽन्नदानादिपोषणात् ।
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ वाचं धेनुमुपासीत

संस्कृत-विश्व-विद्यालयः किमर्थः ?

१ वेदमूलाः प्रवृत्तयः । वेदाः संस्कृते सन्ति । आदिमो वैदिक उदारो मानवधर्मः संस्कृते वर्तते । विश्वात्मदर्शनं संस्कृते विद्यते । शाश्वती शान्तिः संस्कृते विराजते । ज्ञान-विज्ञानयोः समन्वयः संकृते तिष्ठति । देशभक्तिर्देशविकासोऽपि संस्कृते राजते ।

२–संस्कृतं विश्वस्य विश्वस्य भाषाणां मूलं स्रोतोऽस्ति । संस्कृते ज्ञाते संसारस्य सर्वा भाषाः सरला भवन्ति । विश्वस्य कस्यामपि भाषायां झटिति प्रवेशं कर्त्तुकामेन प्रथमं संस्कृते प्रवेष्टुं रमणीयमास्ते ।

३ –संस्कृत भाषाया वर्णसमाम्नायः सर्वाङ्गपूर्णो ध्वन्यनुसारं च शुद्धो लेखितुं शक्यते । स्वर-व्यञ्जन-मात्रा-मात्रमपि शुद्धतया परिमार्जितवता बालकेन कठिनान्यपि गद्य-पद्यानि सामञ्जस्येन वाचयितुं शक्यन्तं ।

